का. जि. का. दर्ता नं : १०४ / ०५७ / ०५८
म. क्षे. हु. नि. दर्ता नं : ०८ / ०६७ / ०६८

# अपाङ्ग आवाज
## DISABILITY VOICE

वर्ष १५, अङ्क ११, पूर्णाङ्क १८३, २०७३ फागुन

सल्लाहकार
तारा वदन सेडाई
प्रकाश पन्थ

सम्पादक
सुदर्शन सुवेदी

संयोजक
जगदीशप्रसाद अधिकारी

व्यवस्थापक
शर्मिला विश्वकर्मा

पत्रकार
गणेश सुवेदी

स्थानीय प्रतिनिधि
विवेक खड्का
विष्णु शर्मा
दल बहादुर सुनार
मदन पौडेल
संगीता पौडेल

लेआउट/डिजाइन/बजार प्रतिनिधि
सुनिल वि. क.

कभर डिजाइन
Creative
Kamaladi, Kathmandu PH: 9851115202

मुद्रक
सनराइज अफसेट प्रेस
डिल्लीबजार, काठमाण्डौं

प्रकाशक
नेपाल अपाङ्ग मानव अधिकार केन्द्र
केन्द्रिय कार्यलय
नयाँ बस्ती, गगननगर चोक, काठमाण्डौं,
पो. ब. नं: १९४०८
फोन: ०१ ४९११०९२ ४९११०६९
Email: dvoice@dhrcnepal.org.np
Web: www.dhrcnepal.org.np

संस्थागत सहयोग रु. १००/-

## यसभित्र

बी. पी. नेत्र प्रतिष्ठान बाल आँखा, कान, घाँटी अस्पताल एवं पुन:स्थापना सेवाको कार्य — ४

कुखुरा पालनबाट आय–आर्जन गर्न सफल कुलबहादुरको कथा — २२

अन्तर्राष्ट्रिय महिला दिवस र अपाङ्गता महिलाको सवाल — २६

कुष्ठ प्रभावित अपाङ्गता भएका व्यक्तिहरूलाई ग्याँस चुलो वितरण — ३३

छायाँ प्रतिवेदनका विषयमा सल्लाह सुझाव सम्बन्धी छलफल — ३९

## अपाङ्गताको बारेमा अझ धेरै जानकारी दिनु होला

अपाङ्ग आवाज मासिक पत्रिका मैले पढ्ने अवसर पाएको छु । यो पत्रिका ज्यादै राम्रो लाग्यो । पत्रिकामा कविता, गजलहरू समावेश हुनु त राम्रो हो । यसको साथै अपाङ्गता भएका व्यक्तिहरूले प्राप्त गर्ने सेवा सुविधाको बारेमा पनि स्पष्ट रूपमा जानकारी हुने गरी लेखि दिएमा उक्त सेवा सुविधाको बारेमा जानकारी हुने थियो । जस्तै अपाङ्गता परिचय पत्र लिने सम्बन्धमा, अपाङ्गता परिचय पत्र, शिक्षा, यातायात लगायतका क्षेत्रहरूमा के कस्ता सेवाहरू प्राप्त गर्न सकिन्छ भन्ने बारेमा यो पत्रिका लेखिदिएमा विभिन्न जिल्लामा रहेका ग्रामीण क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिहरूले थाहा पाउने थिए । विगतका दिनमा अपाङ्ग आवाज मासिक पत्रिकाका केही अंकहरूमा त समावेश गरिएको छ । तर त्यो पर्याप्त भएको छैन । त्यसैले विगतका दिनमा धेरै भन्दा धेरै जानकारीहरू समावेश गरिदिएमा राम्रो हुने थियो । हामीहरूले पनि सेवा सुविधाको बारेमा हाम्रो अधिकारको बारेमा सबै अपाङ्गता भएका व्यक्तिहरूलाई जानकारी दिन सजिलो हुने थियो ।




*विनीता तामाङ, सिन्धुपालचोक ।*

## सकारात्मक प्रभाव परेको छ

आदरणीय सम्पादक ज्यू, नमस्कार । म अपाङ्ग आवाज पत्रिकाको नियमित पाठक हुँ । यसै पत्रिकाका आधारमा अपाङ्गता सम्बन्धीका जानकारीहरू अरू व्यक्तिहरूलाई पनि सिकाउने गर्दछु । त्यसैले यो पत्रिकाले अपाङ्गताको बारेमा जनचेतना जगाउनको लागि सहयोगी भूमिका निर्वाह गरेको छ । यसले पत्रिका मार्फत समाजमा रहेका व्यक्तिहरूमा अपाङ्गता प्रति सकारात्मक संदेश दिन सफल भएको छ । आगामी दिनमा पनि यस्तै काम गर्दै जाओस् साथै यो अपाङ्ग आवाज पत्रिकाको उत्तर-उत्तर प्रगतिको कामना गर्दछु ।

*विनय कार्की, रामेछाप ।*

## पत्रिका नियमित रूपमा पढ्न पाइएन

आदरणीय सम्पादक ज्यू नमस्कार

म अपाङ्ग आवाज मासिक पत्रिकाको नियमित पाठक तथा रेडियो कार्यक्रमको नियमित श्रोता पनि हुँ । तर केही समय देखि यो हामी सबैको आवाज बुलन्द गर्ने अपाङ्ग आवाज मासिक पत्रिका नियमित रूपमा पढ्न पाएको छैन । हामी कहाँ आजकाल यो पत्रिका आएको छैन । त्यसैले आगामी दिनमा यो पत्रिकालाई नियमित रूपमा सबै स्थानमा समयमा नै पठाउने प्रयास गर्नु हुन अनुरोध गर्दछु । आगामी दिनमा पनि यो पत्रिकामा नियमित रूपमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका सवालहरूलाई समावेश गर्ने गर्नु होला । यो पत्रिकाको प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु ।

*सविता थापा, तनहुँ ।*

# अन्तर्राष्ट्रिय महिला दिवस र अपाङ्गता भएका महिलाको सवाल

हरेक वर्षको मार्च ८ तारिखलाई विश्व भरि नै अन्तर्राष्ट्रिय महिला दिवसको रूपमा मनाउने गरिन्छ। विश्वमा जस्तै नेपालमा पनि गत बुधवार फागुन २५ गते मार्च ८ तारिखका दिन विभिन्न कार्यक्रमहरूको आयोजना गरेर यो दिवस सम्पन्न गरियो। यस वर्षको १०७ औं अन्तर्राष्ट्रिय महिला दिवसको अन्तर्राष्ट्रिय नारा “बदलिँदो परिवेशमा कामकाजी महिला : सन् २०३० सम्म बराबरी पाइला” र राष्ट्रिय नारा “महिला सम्मानको आधार : सीपयुक्त हात र स्वरोजगार” भन्ने रहेको थियो । यसै दिवसका अवसरमा विभिन्न वर्ग समुदायका महिलाहरू जस्तै विभिन्न प्रकारका अपाङ्गता भएका महिलाहरूको पनि सहभागिता रहेको थियो। यो दिवसको अवसरमा महिलाहरूले आफ्ना हक हित र अधिकारका सवालहरूलाई सम्बन्धित निकाय सम्म पुर्याउनको लागि आवाज बुलन्द गर्ने गर्दछन् । तर हरेक वर्ष अन्तर्राष्ट्रिय महिला दिवस मनाउँदै आएता पनि मनोसामाजिक अपाङ्गता भएका महिलाहरूका सवालहरू समावेश हुन सकेको पाइँदैन। विभिन्न समयमा यस्ता दिवसहरू मनाई रहँदा अन्य महिलाहरूको तुलनामा अधिकांश ठाउँमा अपाङ्गता भएका महिलाहरू पछाडी परेको पाइन्छ । उनीहरूका सवालहरूलाई चासो नदिएको, उनीहरूको उल्लेखनीय सहभागिता नभएको अवस्था छ । किनकी हाम्रा भौतिक संरचनाहरू र हाम्रो समाजमा अपाङ्गता प्रति भएको नकारात्मक सोचका कारण अपाङ्गता भएका महिलाहरूका शिक्षा, स्वास्थ्य, रोजगारी, प्रतिनिधित्व तथा सहभागिता लगायतका सवालहरू पूर्ण रूपमा समावेश हुन सकेका छैनन्। यस्ता दिवस मनाई रहँदा अन्य महिलाहरू जस्तै अपाङ्गता भएका महिलाहरूका मुद्दाहरूलाई पनि सँगसँगै लैजानु जरुरी छ । अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा शुभकामना व्यक्त गर्दै अपाङ्गता भएका महिलाहरूको हक अधिकारको लागि उनीहरूको सहभागिता तथा प्रतिनिधित्वलाई महत्व दिनु पर्ने हुन्छ । यस दिवसका अवसरमा आर्थिक वर्ष २०७३/०७४ देखि राष्ट्रपति महिला उत्थान कार्यक्रमहरू सञ्चालन पनि गरिएको छ । यो कार्यक्रम नेपालका २५ जिल्लामा आपत्कालिन सेवा केन्द्रहरू सञ्चालन गरी व्यवस्थित गरिने भएको छ । तर यसमा अपाङ्गता भएका महिलाहरूको सहभागिताको कुनै कुरा प्रस्ट रूपमा उठाइएको पाइँदैन। लैङ्गिक हिंसाबाट पीडितलाई तत्काल उद्धार एवम् राहतका लागि “लैङ्गिक हिंसा निवारण कोष नियमावली २०६७ जारी गरि राष्ट्रिय कोषको व्यवस्था र परिचालन गरिएको छ तर अधिकांश अपाङ्गता भएका हिंसा पीडित महिलाहरू यो सेवाबाट वञ्चित भएका छन् । अबका अन्तर्राष्ट्रिय महिला दिवस मनाउँदा अपाङ्गता भएका महिलाहरूका सवालहरूलाई पनि पहिलो प्राथमिकताका साथ अगाडि सार्नु पर्ने देखिन्छ।


# बी. पी. नेत्र प्रतिष्ठान बाल आँखा, कान, घाँटी अस्पताल एवं पुनःस्थापना सेवाको कार्य

भक्तपुर जिल्लाको मनोहरा पुलबाट दक्षिण तर्फ करिब ४ सय मिटर पर खोलाको किनारमा पहेँलो र रातो रङको ५ तले भवन रहेको छ। यो भवन बी. पी. नेत्र प्रतिष्ठान बाल आँखा कान अस्पताल एवं पुनःस्थापना सेवा नामक संस्थाको हो। यहाँ हामीले स-साना दृष्टिविहिन बालबालिकाहरू रमाइलो वातावरणमा त्यहाँ सिकाइने क्रियाकलापमा सहभागी भएको पाउँछौं। संस्थामा ३ वर्ष देखि ८ वर्ष सम्मका दृष्टिविहिन अपाङ्गता भएका बालबालिकाहरूलाई छात्रावास सहित निःशुल्क रूपमा जीवन उपयोगी सीप सिकाइन्छ। वि.स.२०६९ सालमा अर्थात् सन् २०१२ मा स्थापना भएको यो संस्थामा ३ देखि ८ वर्ष सम्मका उमेर भएका दृष्टिविहिन तथा श्रवण दृष्टिविहिन



## तालिम प्राप्त शिक्षकहरुको पनि व्यवस्था गरिएको छ

यो बाल आँखा नाक, कान, घाटी अस्पताल एवं पुनःस्थापना सेवा बी.पी.नेत्र प्रतिष्ठानद्धारा निर्माण गरिएको अस्पताल हो । यो अस्पताल मार्फत दृष्टिविहिन अपाङ्गता भएका बालबालिकाहरुको पुनर्स्थापना सेवाको लागि पनि काम गरि रहेको छ । यहाँ श्रवण दृष्टिविहिन तथा दृष्टिविहिन बालबालिकाहरुको पहिचानको लागि सामुदयिक कार्यक्रमहरु निरन्तर गरि रहेका छौ । अहिले सम्म हामी ५० वटा जिल्लामा पुगि सकेका छौ । त्यहाँका स्थानिय संघ संस्थाहरुको सहकार्यमा कार्यक्रमहरु सञ्चालित गरिएको छ । यी कार्यक्रमहरुमा दृष्टिविहिन बालबालिकाहरु पत्ता लगाउनको निमित्त सरोकारवालाहरुसँग छलफल गर्ने, हाम्रा सेवा सुविधाहरुको बारेमा जानकारी गराउने काम गर्ने गर्दछौ र विभिन्न ठाँउहरुमा स्वास्थ्य परीक्षण गर्दा बालबालिकाको पहिचान गर्ने, देख्न र सुन्न सक्ने क्षमताको जाँच गर्ने गरिन्छ । बहिरा तथा दृष्टिविहिन बालबालिकाको लागि हामीसँग तालिम प्राप्त शिक्षकहरु हुनु हुन्छ र ती शिक्षकहरुको माध्यमबाट उनीहरुलाई सीप सिकाउने गरिन्छ । उनीहरुको लागि हामीले पाठ्यक्रम विकास गरेर उनीहरुको क्षमताको आधारमा सिकाउने गरिन्छ । त्यसैको आधारमा समय तालिका बनाएर करिब ३ देखि ४ महिना सम्म बच्चाहरु यहाँ बस्नु हुन्छ र सिकाउने गरिन्छ । अब यो बच्चाले अन्य विद्यालयमा गएर शिक्षा लिन सक्छ, समाजमा घुलमिल हुन सक्छ भन्ने भए पछि शिक्षा विभागको सिफारिस अनुसार हामी यस्ता बालबालिकाहरुलाई विद्यालय स्तरक सम्मको शिक्षाको लागि अन्य विद्यालयमा भर्ना गराउन सहयोग गर्ने गर्दछौ ।



डा. सुवोध ज्ञवाली,
दृष्टि विशेषज्ञ

बालबालिकाहरूलाई प्रारम्भिक शिक्षा तथा दैनिक क्रियाकलाप सिकाएर सहज रूपमा विद्यालय स्तरको शिक्षा लिन सक्षम बनाउन थालियो । ती बालबालिकाको क्षमता अनुसार ३ महिना देखि १ वर्ष भित्रमा सम्बन्धित जिल्लाको विद्यालयमा छात्रावास सहित पढ्ने व्यवस्था




गरिन्छ। यो संस्थामा दृष्टिविहिन भएका ३ देखि ८ वर्ष सम्मका बालबालिकाहरूको लागि निःशुल्क रूपमा छात्रावासको व्यवस्था सहित यहाँ खाना खान, लुगा लगाउन, सरसफाई गर्न, दैनिक क्रियाकलाप गराउन सिकाइन्छ । यो संस्थाले विभिन्न जिल्लामा गएर स्वास्थ्य सेवा दिने क्रममा दृष्टिविहिन बालबालिकाहरूको पहिचान गरि यहाँ ल्याउने गरिन्छ। यो संस्थाले अहिले सम्म ५० जिल्लामा काम गरि सकेको छ। बी. पी. नेत्र प्रतिष्ठान अन्तर्गत बाल आँखा, कान, घाँटी अस्पताल एवं पुनस्र्थापना सेवा, मध्यपुर ठिमी नगरपालिका १६ को लोकन्थली भक्तपुरले अपाङ्गता भएका बालबालिकाहरूको प्रारम्भिक बाल विकासमा भर्ना हुन पाउने अधिकारको सुनिश्चतता गर्न ३ देखि ८ वर्ष उमेर समूहका दृष्टिविहिन र दृष्टिसँगै जोडिएका अन्य अपाङ्गता भएका बालबालिकाहरू जस्तै दृष्टिविहिन अटिजम, श्रवणदृष्टिविहिन बालबालिकाहरूलाई विगत ४ वर्ष देखी जीवनोपयोगी सीप तालिम र पूर्व प्रारम्भिक बाल शिक्षा ( आवश्यकता अनुसार दिवा र आवासीय रूपमा ) निःशुल्क प्रदान गरी शिक्षा विभागसँगको सहकार्यमा प्रारम्भिक बाल विकास केन्द्र दृष्टिविहिन तर्फका स्रोत कक्षा

## संस्थालाई धेरै धेरै धन्यवाद

मेरा २ जना छोरीहरु छन् । मेरो पहिलो छोरीमा दृष्टि सम्बन्धीसमस्या छ । छोरी जन्मेको ३ महिनामा उसको आँखामा समस्या देखियो । त्यस पछि गाँउका विभिन्न स्थानमा जचाउन लगे । स्थानिय अस्पतालले काठमाण्डौं लगेर जचाउनु भन्नु भयो तर हाम्रो आर्थिक अवस्था पनि कम भएको कारण तत्काल नै छोरीलाई काठमाण्डौं ल्याएर उपचार गर्न पनि सकिएन । जसले गर्दा उ दृष्टिविहिन हुन पऱ्यो । त्यस पछि मेलकुनामा हरी शाही भन्ने हुनु हुन्थ्यो उहाँले सुर्खेतमा तारा ढकाललाई चिन्नु भएको रहेछ । उहाँ मार्फत काठमाण्डौंमा यो बी.पी. नेत्र प्रतिष्ठान बाल आँखा, नाक, कान, घाँटी अस्पताल एवं पुनर्स्थापना सेवा नामक संस्थाको बारेमा जानकारी दिनु भयो । त्यस पछि म गाँउबाट सुर्खेत आएर छोरीको अपाङ्गता परिचय पत्र बनाए । सुर्खेतमा पनि यस्ता अपाङ्गता भएका बालबालिकाहरुको लागि छात्रावास सहित पढ्ने व्यवस्था रहेछ त्यहाँ पनि मैले ३ महिना सम्म राखे । यो छात्रावासमा यो संस्थामा सरहरु जानु भएको रहेछ । त्यस पछि यो संस्थाहरुकै सरहरुले मेरी छोरीलाई काठमाण्डौ लैजाने सल्लाह दिनु भयो र वि.स. २०७३ कात्तिक २८ गते मेरी छोरीलाई यो विद्यालयमा भर्ना गरिएको हो । यो संस्थामा आए पछि मेरी छोरीमा धेरै कुरामा सकारात्मक परिर्वतनहरु आएका छन् । आगामी दिनमा पनि यो संस्था मार्फत यस्तै अन्य व्यक्तिहरुलाई पनि सेवा सुविधा दिनु होला । म यो संस्था, यस संस्थाका सम्पूर्ण कर्मचारीहरुलाई ह्दय देखि नै धन्यवाद दिन चाहन्छु ।



नविना वि.क. अभिभावक, सुर्खेत
मेलकुना गा.वि.स.९ तोरीबारी

सञ्चालन सञ्चालित सामुदायिक विद्यालयमा भर्ना गराउँदै आइरहेको छ । यो बी. पी. नेत्र प्रतिष्ठान अन्तर्गत बाल आँखा, कान, घाँटी अस्पतालमा दृष्टि र श्रवण शक्ति सम्बन्धी समस्याहरूमा बिरामीहरूलाई विशिष्ट प्रकारको अस्पताल हुनुका साथै स्वास्थ्य सम्बन्धी अन्य गतिविधिहरू जस्तै स्वास्थ्य प्रवर्द्धन, स्वास्थ्य शिक्षा, सामुदायिक सेवाहरू, घुम्ती स्वास्थ्य शिविर, दिवा सामुदायिक कान, नाक, घाँटी तथा आँखा परीक्षण सेवा प्रदान गरिरहेको छ । यो संस्थाले दृष्टि गुमेका र उपचार हुन नसकेका बालबालिकाहरूलाई समेत स्वावलम्बी र आत्म निर्भर बनाउनको लागि अस्पताल हाता भित्र नै पुनर्स्थापना सेवाको सञ्चालन गरि रहेको छ । बी. पी. नेत्र प्रतिष्ठान अन्तर्गत बाल आँखा, कान, घाँटी अस्पताल एवं पुनर्स्थापना सेवाले दृष्टिविहिन र बहिरोपन भएका बालबालिकाहरूको संख्या न्यूनीकरण गर्ने, दृष्टिविहिन र बहिरोपन भएका

यस्ता बालबालिकाहरूको विद्यालयमा भर्ना संख्या अभिवृद्धि गर्ने र शिक्षाको गुणस्तरमा सुधार गर्दै लैजाने, आम्दानी हुने रोजगारीको अवसरलाई अभिवृद्धि गर्दै जाने वा आम्दानी हुने रोजगारीको कार्यक्रमहरू गर्दै जाने लगायतका उदेश्य राखेर दृष्टिविहिन बालबालिकाहरूको लागि काम गर्दै आएको छ । यहाँ ह्वीलचिएर प्रयोग गर्ने अपाङ्गता भएका व्यक्तिहरूको लागि र्‍याम्पको व्यवस्था गरिएको छ भने अपाङ्गता मैत्री शौचालयको पनि व्यवस्था गरिएको छ । त्यसै गरि दृष्टिविहिन बालबालिकाहरूका लागि टेक टायल, रेलिङ्ग र ब्रेल लिपिको पनि व्यवस्था रहेको छ । यसका साथै यो संस्थामा दृष्टिविहिन र बहिरोपन भएका बालबालिकाहरूको लागि प्राथमिक शिक्षा प्रदान गर्ने सृजनशिल कार्यक्रमको सुरुवात



गर्नुको साथै यो पुनर्स्थापना सेवाबाट अपाङ्गता भएका बालबालिकाहरू र अन्य प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक सहयोग र सल्लाह प्रदान गर्नुका साथै यस्ता व्यक्तिहरूलाई आवश्यक सहयोग र सल्लाह प्रदान गर्नुको साथै यी बालबालिकाहरूका परिवार र



प्रकाश कुमार शर्मा, अभिभावक, रुकुम

## मेरो छेराले आफ्नो काम आफै गर्न सक्ने भएको छ

मेरो घर रुकुम जिल्ला मुसिकोट नगरपालिका वडा नं ५ सोलाबाङ्गमा हो । मेरो २ वटा छोराहरु छन् । २ वटा छोरामा कान्छो छोरामा दृष्टिसम्बन्धी समस्या छ । उ जन्मजात नै आँखा नदेख्ने भएर जन्मेको हो । उ अहिले ६ वर्ष भयो र पूर्ण रुपमा दृष्टिविहिन हो । यो बी.पी. नेत्र प्रतिष्ठान बाल आँखा, नाक, कान, घाँटी अस्पताल एवं पुनर्स्थापना सेवाले केही समय पहिला यस्ता बालबालिकाहरु भएमा यो संस्थामा ल्याउनु भनेर ७५ जिल्लामा सूचना जारी गरेको रहेछ । हाम्रो जिल्लामा पनि यो सूचना गयो । जिल्ला विकास समितिले विभिन्न पत्र पत्रिकाहरु र स्थानिय सञ्चार माध्यम मार्फत सूचना पठाएको थियो । त्यो सूचनाको आधारमा वि.स. २०७३ असार ८ गते जिल्लाबाट सिफारिस लिएर यो संस्थामा छोरालाई लिएर आएको हो । यो संस्थामा छोरालाई ल्याए पछि उसले आफै खाना खाने, तरकारी, दाल भात, चिन्ने, आज के खाने कुरा खाए भन्ने कुरा पनि थाहा पाउने भएको छ । कपडा लगाउदा पनि यो यस्तो कपडा हो भन्ने जानकारी पाएको छ । आफै शौचालयमा जाने, सरसफाई गर्ने कुराहरु पनि सिकेको छ । यो संस्थाले यस्ता बालबालिकाहरुलाई निःशुल्क रुपमा यस्ता दैनिक क्रियाकलापहरु सिकाएकोमा म यो संस्थालाई हृदय देखि धन्यवाद दिन चाहन्छु । मेरो बच्चा यहाँबाट दिक्षित भए पछि दाङ्ग जिल्लाको विद्यालयमा भर्ना गर्ने विचार गरेको छु । यो संस्थालाई म मनै देखि आभार व्यक्त गर्न चाहन्छु । हामीले यो संस्था भगवानको स्वरूप पाएका छौ । अन्य दुर्गम जिल्लामा रहेका अपाङ्गता भएका बालबालिकाहरूको पहुँचमा पनि यो संस्था पुग्न सकोस् भन्ने शुभकामना दिन चाहन्छु ।



विप्लब आचार्य, सहायक सुपरभेक्षक

## आगामी दिनमा कम्प्यूटर तालिम पनि सञ्चालन गर्दै छौ

हामीले यो बी.पी. नेत्र प्रतिष्ठान बाल आँखा, नाक, कान, घाँटी अस्पताल एवं पुनर्स्थापना सेवाले विशेष गरेर दृष्टि सम्बन्धी अपाङ्गता भएका बालबालिकाहरु र उनीहरुका अभिभावकहरुको लागि उनीहरुका दैनिक कामहरु सम्पन्न गर्नका लागि तालिमहरु सञ्चालन गर्ने काम गर्दछ । त्यसै गरेर यहाँ उनीहरुको लागि जीवन उपयोगी सीपहरु सिकाउने, धारणा विकास गर्ने, दैनिक क्रियाकलापहरु गर्न सिकाउने, दृष्टिविहिन बालबालिकाहरुलाई छमाएर कुनै पनि कुराहरुको जानकारी दिने, खान खान, आफ्नो सरसफाई आफै गर्नm लुगाा लगाउने लगाएतका सीपहरु यहाँ हामीले सिकाउने गर्दछौ । आगामी दिनमा हामीले दृष्टिविहिन भएका बालबालिकाहरुलाई विभिन्न प्रविधिहरुको माध्यमबाट यो संस्थामा जीवन उपयोगी सीपहरु सिक्न आएका दृष्टिविहिन बालबालिकाहरुलाई कम्प्यूटर तालिम पनि सञ्चालन गर्दै छौ । यदी कुही कतै यस्ता दृष्टि सम्बन्धी अपाङ्गता भएका बालबालिकाहरु भेटिएमा हाम्रो यो संस्थामा सम्पर्क गर्नु हुन पनि अनरोध गर्दछु । यस्ता बालबालिकाहरुलाई यो संस्थामा ल्याइ सके पछि हामी उनीहरुको आवश्यकता अनुसार आखा, नाक, कान, घाँटी जाच गरी औषधी उपचारको साथै प्रारम्भिक शिक्षा उपलब्ध गराएर उनीहरुलाई घर परिवार तथा समाजमा पुनर्स्थापना गराउने प्रयास गर्ने छौ ।

अभिभावकहरूलाई परामर्श तालिम र अपाङ्गता भएका व्यक्तिहरूको हेरचाहमा सहयोग पुऱ्याउने तालिम पनि



प्रदान गर्ने गरिन्छ । केही समय अगाडि यो संस्थामा सुन्न पनि र बोल्न पनि नसक्ने



खैरुन मिया, अभिभावक, दैलेख

## संस्थाको अझ उन्नती र प्रगतीको शुभकामना

मेरो घर दैलेख जिल्लाको दुर्लु नगरपालिका वडा नं १० मा हो । मेरो ३ जना छोरा र १ जना छोरी मध्ये जेठो छोरा र कान्छो छोरा जन्मजात नै दृष्टिविहिन छन् । जेठो छोरा १० महिनाको हुदा मात्र उ दृष्टिविहिन भएको थाहा भयो । अहिले मेरो जेठो छोरा दैलेख जिल्लाको दुर्लु भन्ने ठाँउमा कक्षा ८ मा पढ्दै छ । मेरो सानो छोरा पनि ६ महिनाको भए पछि दृष्टिविहिन भएको थाहा भयो । अहिले सानो छोरा ५ वर्षको भयो । मैले मेरो छोरालाई यो बी.पी. नेत्र प्रतिष्ठान बाल आँखा, नाक, कान, घाँटी अस्पताल एवं पुनर्स्थापना सेवामा वि.स. २०७३ कार्तिक १८ गते ल्याएको हो । यहाँ ल्याए पछि उसमा धेरै सकारात्मक परिर्वतन आएको छ । राम्ररी बोल्न सिकेको छ । हामीले त गाँउ घरमा धेरै काम गर्न परेकोले आफ्ना अपाङ्गता भएका छोराहरुको स्याहार सुसार गर्न पनि पाएन । अहिले यो संस्थामा आए पछि मेरो छोरा दृष्टिविहिन भए पनि आफ्नो काम आफै गर्न सक्ने भएको छ । उसमा धेरै सकारात्मक परिर्वतन आएको देख्दा मलाई धेरै खुशी लागेको छ । त्यसैले म यो बी.पी. नेत्र प्रतिष्ठान बाल आँखा, नाक, कान, घाँटी अस्पताल एवं पुनर्स्थापना सेवा नामक संस्थालाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । साथै यो संस्थाको अझ उन्नती र प्रगतीको शुभकामना पनि व्यक्त गर्दछु ।

## धेरै सकारात्मक परिर्वतन भएको छ

मेरो घर कर्णाली अञ्चाल, कालीकोट जिल्लाको दुर्गम ठाँउमा पर्दछ । मेरो छोराको नाम विशाल वि.क.हो । उ अहिले ५ वर्षको भयो । मेरो छोरा जन्मजात नै दृष्टिविहिन अपाङ्गता हो । मेरो छोराको शरीरको रङ्ग गोरो छ र आँखामा समस्या छ । छोराको आँखामा समस्या छ भन्ने कुरा उ ४ वर्षको हुदा मात्र थाहा भयो । एक पटक कालीकोटमा अपाङ्गता भएका व्यक्तिहरुको खोजिनीति कार्यक्रममा मध्यपश्चिमको स्वयता खड्का भन्ने डक्टरसँग भेट भयो । उहाँले यो संस्थाको बारेमा जानकारी दिनु भयो र वि.स.२०७३ कात्तिकमा मेरो छोराको प्राम्भिक शिक्षा तथा दैनिक क्रियाकलाप सिक्नको लागि यो संस्थामा ल्याएको हो । यहा यस्ता बालबालिकाहरुलाई उनीहरुको रुचि अनुसार खेल खेलाउने, मनोरञ्जन गराउने, उनीहरुका दैनिक क्रियाकलापहरु गर्न सिकाउने गरिन्छ । यहाँ आए देखि घरमा भन्दा यहाँ धेरै सकारात्मक परिर्वतन भएको छ । भाषामा पनि सुधार आएको छ । यहाँको सेवा निःशुल्क छ । म संस्थालाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । कालिकोट जस्तो विकट ठाँउबाट पनि मेरो बच्चालाई यहाँ ल्याएर उसका हरेक दैनिक क्रियाकलापरुमा सिकाउनु भएको छ । जसको कारण भोलि यसको भविश्यको उज्जल हुन्छ भन्ने लागेको छ । यो संस्थालाई म पुनः धन्यवाद दिन चाहन्छु । अझ आगामी दिनमा पनि यस्तै कर्णाली जस्तो विकट ठाँउमा रहेका यस्ता अपाङ्गता भएका बालबालिकाहरुको खोजनीति गरि उनीहरुको भविश्य बनाउन तर्फ पहल गरिदिनु होला र म पनि यस्ता बालबालिकाको लागि यस्ता संघमा ल्याउनको लागि सहयोग गर्ने छु ।



दिपक वि.क., अभिभावक, कर्णाली

बालबालिकाहरूलाई पनि छात्रावासमा राखेर दैनिक क्रियाकलाप सिकाउने गरिन्थ्यो भने अहिले पूर्ण तथा न्यून दृष्टिविहिन, दृष्टिविहिन अटिजम भएका बालबालिकाहरूलाई अपाङ्गता मैत्री तथा पारिवारिक वातावरणमा विभिन्न क्रियाकलाप सिकाउने गरिन्छ । यो संस्थाले गरेको काम प्रति अभिभावकहरूको प्रतिक्रिया सकारात्मक रहेको पाइन्छ । बी. पी. नेत्र प्रतिष्ठान, बाल आँखा कान अस्पताल तथा पुनर्स्थापना सेवामा दृष्टिविहिन अपाङ्गता भएका बालबालिकाहरूलाई सेवा सुविधा उपलब्ध गराउनको लागि ४ जना शिक्षक र ४ जना आयहरूको व्यवस्था गरिएको छ । सो भवनको सबै भन्दा तल्लो तलामा उनीहरूको इच्छा अनुसार मनोरञ्जन गराउँदै प्राथमिक शिक्षा पनि दिइन्छ । संस्था स्थापना काल देखि अहिले सम्म १ सय ११ जना दृष्टिविहिन

## म मा पनि सकारात्मक परिर्वतन आएको छ

मेरो छोरा ४ वर्षको भयो । उसको नाम अतित बस्नेत हो । मैले छोरालाई यहाँ वि.स. २०७३ साल असार २४ गते बी.पी. नेत्र प्रतिष्ठान बाल आँखा, नाक, कान, घाँटी अस्पताल एवं पुनर्स्थापना सेवामा ल्याएको हो । मेरो छोरामा दृष्टिविहिन र अटिजम दुबै समस्या छ । छोरा जन्मेको ७ महिनामा अटिजम र न्यूनदृष्टियुक्त देखा पर्यो । हामीले उसलाई ६/७ महिनाको हुदा देखि तिलगंगाको आँखा अस्पतालमा उपचार गराउदै थियौ । डेढ वर्षको हुदा एक जना विदेशी डाक्टरले यो बारेमा जानकारी दिनु भयो र यहाँ आएर यो संस्थाको बारेमा बुझेर उ ४ वर्षको भए पछि यो संस्थामा ल्याएको हो । यो संस्थामा छोरालाई राखे पछि मेरो छोरामा मात्र होइन म मा पनि धेरै सकारात्मक परिर्वतनहरु आएको छ । मैले पहिला मेरो छोराले केही पनि गर्न जान्दैन, सक्दैन भनेर उसलाई केही पनि सिकाउने थिइन । पहिला उ हिड्न जान्ने थिएन अहिले हात समाएर हिड्न सक्छ । अहिले उसले आफैले खाना खान्छ । पहिला भन्दा धेरै सकारात्मक परिर्वतन आएको छ । यहाँ ल्याए पछि मेरो छोरामा त धेरै नै सकारात्मक परिर्वतन आएको छ । यो संस्थाले दृष्टिविहिन भएका बालबालिकाहरुको लागि निःशुल्क रुपमा यहाँको सेवा सुविधा उपलब्ध गराउदै आएको छ । म यो संस्थालाई हृदय देखि नै धन्यवाद दिन चाहन्छु ।



मञ्जु बस्नेत, कैलाली,
अभिभावक



सुष्मा थापा, शिक्षक

**यी बालबालिकाहरुसँग काम गर्न पाउदा म ज्यादै खुशी छु**

बी.पी. नेत्र प्रतिष्ठान बाल आँखा, नाक, कान, घाँटी अस्पताल एवं पुनर्स्थापना सेवामा दृष्टि सम्बन्धी अपाङ्गता भएका ३ देखि ८ वर्ष सम्मका बालबालिकहरूलाई उनीहरूको दैनिक क्रियाकलापको कुराहरू सिकाउने गरिन्छ । उनीहरूलाई साधारण भन्दा साधारण क्रियाकलापहरू जस्तै हात धुन, खाना खान, धारा खोल्न, लुगा लगाउन, सरसफाई गर्ने लगाएतका कामहरु छमाएर । दैनिक क्रियाकलाप सिकाउने गर्दछौ । यी बालबालिकाहरूले उहाँ यस्ता कामहरू सिकि सके पछि प्रारम्भिक शिक्षा पनि सिकाउने गरिन्छ । जस्तै ब्रेललिपिको बारेमा जानकारी गराउने, लेख्न, पढ्न सिकाउने, विभिन्न सामाग्रीहरुको बारेमा जानकारी गराउनुको साथै उनीहरुलाई स्वालम्बी हुन पनि सिकाउने गर्दछौ । मैले यस्ता बालबालिकाहरुसँग काम गर्न पाउदा म ज्यादै खुशी छु । र म अभिभावकहरुलाई यस्ता बालबलिकालाई सके सम्म आत्म निर्भर गराउन तर्फ लाग्नु पर्दछ । हरेश खान हुदैन । उनीहरुलाई हौसला तथा प्रोत्साहन दिनु पर्दछ र यसै गर्न आग्रह पनि गर्दछु ।

**म आफ्नो काम आफै गर्न सक्ने भएकी छु ।**

मेरो नाम अब्दुल तोहीत मनिहार हो । मेरो घर बाँके जिल्ला एलमेनिया गा.वि.स. वडा नं ७ मा हो । यो बी.पी. नेत्र प्रतिष्ठान बाल आँखा, नाक, कान, घाँटी अस्पताल एवं पुनर्स्थापना सेवामा हामी दृष्टिविहिन बालबालिकाहरुको लागि जीवन उपयोगी तालिम सिकाउने गरिन्छ । यहाँ मलाई सर म मेडमहरुले विभिन्न तालिमहरु सिकाउनु भयो । यो संस्थामा आए पछि म आफ्नो काम आफै गर्न सक्ने भएकी छु । म यहाँबाट बिदाई भएर अर्को विद्यालयमा पढ्न जादै छु । म धेरै पढे लेखेर ठुलो मान्छे बन्ने छु र देशको सेवा गर्ने छु । यस अस्पतालमा हामीलाई जीवन उपयोगी तालिम सिक्ने र प्रारम्भिक शिक्षा लिने मौका दिनु भएकोमा यो संस्थाका सबै सर मेडम तथा यो संस्थालाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।



अब्दुल तोहीत मनिहार,
बाँके, दृष्टिविहिन बालिका

## मेरी छोरीले यो संस्थामा आए पछि आफ्ना दैनिक कामहरु आफै गर्न सक्ने भएकी छिन

मेरो घर दैलेख जिल्लाको कासिथाना गा.वि.स वडा नं ४ मा हो । मेरो छोरा र छोरी गरेर २ जना सन्तान छन् । पहिलो छोरी ६ वर्षकी भइन । उनी पनि जन्मजात नै दृष्टिविहिन छिन भने छोरा डेढ वर्षको भयो उ पनि दृष्टिविहिन नै छ । मैले मेरी छोरीलाई यो बी.पी. नेत्र प्रतिष्ठान बाल आँखा, नाक, कान, घाँटी अस्पताल एवं पुनर्स्थापना सेवामा राखेकी छु । उसलाई मैले यहाँ वि.स. २०७३ साल असोजमा यहाँ ल्याएको हो । छोरीलाई पहिला सुर्खेतको इर्तम स्कूलमा ४/५ महिना सम्म पढ्नको लागि विद्यालय भर्ना गरियो त्यहाँको सरले काठमाण्डौंमा यस्ता बालबालिकाहरुको लागि राम्रो संस्था छ  भन्नु भयो र उहाँको सहयोगमा छोरीलाई यहाँ ल्याइएको हो । यहाँ ल्याउनु भन्दा पहिला उनले घरमा केही पनि गर्न जान्ने थिइनन् । शौचालय जादा पनि डोर्‍याएर लैजानु पर्ने थियो, हिड्न सिकाउनु पर्ने थियो । यहाँ आए पछि त उनले आफ्ना दैनिक रुपमा गर्ने कामहरु सबै आफै गर्न सक्ने भएकी छिन् । बोल्न, खाना खान, लुगा लगाउन पनि राम्रो जानेकी छिन् । अहिले त यो संस्थामा ल्याए देखि मेरी छोरीमा धेरै सकारात्मक परिर्वतन आएको छ ।  अब यो संस्थाबाट छोरीको विदाई भए पछि सुर्खेत जिल्लामा रहेको इर्तन स्कूलमा भर्ना गर्ने हो । मेरी छोरी यो संस्थामा आए पछि आफ्ना दैनिक कामहरु आफै गर्न सक्ने भएकी छिन् । सामान्य रुपमा लेख्न, पढ्न सक्ने भएकी छिन । त्यसको लागि म  यो संस्था र यो संस्थाका सम्पूर्ण कर्मचारीहरुलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । अब छोरा पनि ३ वर्षको भए पछि यो संस्थामा ल्याउन सोचेकी छु । मेरो छोरालाई पनि यसरी नै सिकाउनु हुने छ भन्ने आशा गरेकी छु ।



चित्रा गिरी, अभिभावक, [illegible]

बालबालिकाहरू भर्ना भइ सकेका छन् भने आज ६८ जना दिक्षित भइ सकेका छन् । यहाँबाट प्रारम्भिक शिक्षा प्रदान गरिसके पछि बाल बालिकाहरूलाई एकीकृत विद्यालयहरूमा विद्यालय स्तरको शिक्षाको लागि पुनर्स्थापना गर्ने गरिन्छ । अन्य कुनै ठाउँमा यस्ता बालबालिकाहरू भेटिएमा यो संस्थामा सम्पर्क गर्न सकिन्छ । संस्थाले अपाङ्गता भएका व्यक्तिहरूलाई मध्य नजर गरि अपाङ्गता मैत्री भवन बनाइएको छ । जहाँ दृष्टिविहिन व्यक्तिहरूको आवागमनको लागि टेक टायल, बिच्छाइएको छ भने ह्वीलचिएर प्रयोगकर्ताहरूको लागि र्‍याम्प र लिफ्ट पनि

## निःशुल्क सेवा प्रदान गर्ने गरिन्छ

हाम्रा समाजमा अधिकांश अपाङ्गता भएका बालबालिकाहरुलाई विद्यालयले अपाङ्गता भएकै कारण उनीहरुलाई विद्यालयमा भर्ना नगरेको पाइन्छ । त्यसैले यस्ता बालबालिकाहरुले पनि शिक्षा लिन पाउनु पर्दछ भनेर हामीले बी.पी. नेत्र प्रतिष्ठान बाल आँखा, नाक, कान, घाँटी अस्पताल एवं पुनर्स्थापना सेवा मार्फत खास गरेर बहिरा, दृष्टिविहिन, दृष्टिविहिन अटिजम भएका बालबालिकाहरुलाई यहाँ ल्याएर कम्तिमा ३ महिना र बढिमा १ वर्ष सम्म छात्रावासमा नै राखेर दैनिक क्रियाकलाप सम्बन्धी तालिमहरु दिने, उनीहरुलाई बोल्न सक्ने, खेल्न सक्ने, आफ्नो कुरा भन्न सक्ने बनाएर नेपाल सरकार शिक्षा मन्त्रालयको सहयोगमा विद्यालयमा भर्ना गराउने काम गरेका छौ । यस्ता बालबालिकाहरुलाई निःशुल्क सेवा प्रदान गर्दछौ । साथै यस्ता बालबालिका ल्याउने तथा लैजाने क्रममा हामीले अभिभावकहरुलाई पनि यातायात खर्च उपलब्ध गराउने गरिन्छ । यी बालबालिकाहरुको लागि ४ जना आयहरु ४ जना शिक्षकहरुको व्यवस्था गरेकाछौ । यसका साथै उनीहरुको लागि छात्रावासको पनि व्यवस्था गरिएको छ । यो कायक्रमबाट दृष्टि सम्बन्धी अपाङ्गता भएका बालबालिकहरुका अभिभावकहरु पनि धेरै नै खुशी हुनु भएको छ । म अपाङ्गताको क्षेत्रमा काम गर्ने सम्पूर्ण महानुभाव तथा मानव अधिकारकर्मीहरुलाई के आब्हान गर्दछु भने बाल आँखा नाक, कान, घाँटी अस्पताल एवं पुनर्स्थापना सेवाबाट जुन यो पूर्व कक्षाको तयारीको कार्यक्रम सञ्चालन भएको छ यो ज्यादै प्रभावकारी रहेको छ । यदी तपाईहरुको घर, परिवार, छरछिमेक तथा कुनै ठाँउमा दृष्टिविहिन भएका, अटिजम दृष्टिविहिन भएका ३ देखि ८ वर्ष सम्मका बालबालिकाहरु भेटिएमा हाम्रो संस्था बी.पी. नेत्र प्रतिष्ठान बाल आँखा, नाक, कान, घाँटी अस्पताल एवं पुनर्स्थापना सेवामा सम्पर्क गराइदिनु हुन अनरोध गर्दछु ।



होमनाथ अर्याल, परियोजना संयोजक

रहेको छ । साथै प्रत्येक लिफ्टमा ब्रेल लिपिमा पनि संकेत गरिएको छ । यदी यो संस्थामा बहिरा बालबालिका आएमा साङ्केतिक भाषा र पूर्ण दृष्टिविहिन बालबालिका आएमा ब्रेल लिपिको

## प्रारम्भिक शिक्षाको लागि यो संस्थाको स्थापना गरिएको हो

नेपालमा ३५ हजार भन्दा बढि बाल विकास केन्द्रहरु रहेका छन् । १ कक्षा देखि ५ कक्षा सम्म पढ्ने बालबालिकाहरु प्राथामिक विद्यालय अवधिमा १ देखि ५ कक्षा सम्म विद्यालय नछोडौ र उनीहरुले ५ कक्षा सम्म पूर्ण रुपमा पढ्न पाउन त्यो पूर्ण गर्नको लागि सहायक बाल शिशु कक्षा भनेर खोलिएको हो । त्यहाँ कक्षा १ देखि ५ कक्षा सम्म अध्ययन पढ्न सजिलो हुन्छ । नेपालमा ९६ प्रतिशत बालबालिकाहरु विद्यालयमा आइ सकेका छन् भने अझै पनि ४ प्रतिशत बालबालिकाहरु विद्यालयमा भर्न हुन पाएका छैनन् । ३५ हजार बालबालिकाहरुमा हाम्रा दृष्टिविहिन तथा अपाङ्गता भएका ३ देखि ५ वर्ष सम्मका बालबालिकाहरु कुनै विद्यालयमा पनि भर्ना भएको पाँइदैन । उनीहरुले तालिमको अभावमा विद्यालयमा भर्ना हुन पाएका छैनन् । त्यसैले यस्ता श्रवण दृष्टिविहिन, अटिजम दृष्टिविहिन बौद्धिक, दृष्टिविहिन मस्तिष्क पक्षघात भएका बालबालिकाहरुले पनि शिक्षा लिन पाउनु पर्दछ भनेर उनीहरुको प्रारम्भिक शिक्षाको लागि यो बी.पी.नेत्र प्रतिष्ठान बाल आँखा, नाक, कान, घाँटी अस्पताल एवं पुनर्स्थापना सेवा मार्फत शिक्षा दिने कामको सुरुवात गरेका हौ । अहिले हामी कहाँ १०९ जना यस्ता बालबालिकाहरु भर्ना भै सकेका छन् भने यी मध्ये सीप मुलक र जीवन पद्धती तालिम गरेर ६८ जना जति बालबालिकालाई सम्बन्धीत जिल्लाका विद्यालयमा पढ्ने व्यवस्था गरेका छौ । नेपाल सरकारले पनि हाम्रो काम प्रति सकारात्मक भएको पाइएको छ । यस्ता बालबालिकाका अभिभावकहरुमा पनि सकारात्मक परिर्वतन आएको पाइएको छ । यी बालबालिकाले आफ्नो जिल्लामा सहज रुपमा अध्ययन गर्न नपाउन्जेल सम्म हामीले यस्ता बालबालिकाको लागि काम गरि रहने छौ ।



माधव अर्याल, कार्यक्रम निर्देशक

सामान्य ज्ञान पनि दिने व्यवस्था रहेको छ । साथै अभिभावकहरूलाई यस्ता बालबालिकाहरूलाई कस्तो व्यवहार गर्ने भन्ने विषयमा परामर्श तथा तालिम पनि प्रदान गर्ने गरिन्छ । तपाइहरूको घर परिवार छरछिमेकमा पनि यस्ता ३ देखि ८ वर्ष सम्म

## प्रारम्भिक शिक्षा तथा जीवन उपयोगी तालिम दिने उदेश्यले यो संस्थाको स्थापना गरिएको हो

अस्पताल विशेष गरेर उपचारको लागि स्थापना गरिन्छ र हाम्रो समाजमा उपचार गरेर पनि ठिक नहुने अल्प संख्यक समुदाय पनि छन् । जस्तैः आँखाको औषधी ग¥यो, शल्यक्रिय ग¥यो तर त्यो पूर्ण रुपमा ठिक नभएको खण्डमा आँखा न देख्दैमा त्यो जीवनको अन्त्य होइन । आँखा नदेख्ने व्यक्तिले पनि धेरै कामहरु गर्न सक्दछन् र गरेका धेरै उदारहणहरु पनि छन् । दृष्टिविहिन व्यक्तिहरुको पनि विद्यालय गएर शिक्षा लिन पाउने अधिकार भए पनि त्यो अधिकारकाबाट उनीहरु बञ्चित भएका छन् । केही मात्रमा भए पनि यो समस्याको न्यूनिकरणका लागि हामीले ३ देखि ६ वर्ष सम्मको बालबालिकाहरुलाई संस्थामा राखेर ३ वा ६ महिना सम्म वा कसैलाई एक वर्ष सम्म पनि तालिम दिएर विद्यालयमा नै भर्ना गर्ने र उनीहरुलाई प्रारम्भिक शिक्षा तथा जीवन उपयोगी तालिम दिने भन्ने अवधारणाबाट यो संस्थाको स्थापना गरिएको हो । आज हामीले गरेको यो कामबाट हामी ज्यादै खुशी छौ । हामीले सञ्चालन गरेका कार्यक्रमहरु मार्फत यी बालबालिकाहरुले प्रगती गर्न सफल भएका छन् । अझ पनि विभिन्न ग्रामीण क्षेत्रहरुम यस्ता दृष्टिविहिन बालबालिकाहरुको अवस्था ज्यादै दर्दानाक छ । मेरो एक मात्र आग्रह के रहेको छ भने अपाङ्गता अपराध पनि होइन, पूर्व जन्मको पाप पनि होइन । अपाङ्गता हुँदैमा जिन्दगीको अन्त्य पनि होइन । यो एउटा अवस्था मात्र हो । अपाङ्गता भएको बालबालिका जन्मिए भनेर दुःख मान्नु पर्ने अवस्था छैन । उनीहरुलाई कसरी अगाडि बढाउने भन्ने तर्फ लाग्न जरुरी छ । अहिले सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरुका लागि केही न केही किसिमका सेवा सुविधाहरु उपलब्ध छ त्यो सुविधा तपाईहरुले उपयोग गर्नु पर्दछ भन्ने सन्देश दिन चाहन्छु ।



मदन प्रसाद उपाध्याय, आँखा विशेषज्ञ, पूर्व अधयक्ष

उमेरका दृष्टिविहिन बालबालिकाहरू सम्पर्कमा आएमा वा विद्यालयमा भर्ना हुन नपाएको, दृष्टिविहिन भएकै कारण शिक्षा लिनबाट वञ्चित भएको पाइएमा यस्ता बी .पी. नेत्र प्रतिष्ठान, बाल आँखा कान अस्पताल तथा पुनर्स्थापना सेवामा सम्पर्क गरी उनीहरूले पढ्न पाउने अधिकारको सुनिश्चित गराउन सक्नु हुने छ।

# अपाङ्गता क्षेत्रमा करिब १५ वर्षको यात्रा पछि जिम्मेवार हस्तान्त्रण गरियो

*दल बहादुर सुनार, बर्दिया ।*

बर्दिया अपाङ्ग पुनर्स्थापना केन्द्रको १३ औ साधारण सभा तथा पाँचौं अधिवेशनमा यहाँहरू समक्ष नव निर्वाचित हुने समितिलाई स्वागतको लागि पर्खाई र मेरो कार्यकालको बिदाइको यस घडीमा यहाँहरूलाई स्वागत गर्न पाउँदा ज्यादै खुशी र गौरवान्वित भएको छु । अपाङ्गता आन्दोलनलाई जिल्लामा स्थापित गर्नका लागि मलाई नेतृत्व प्रदान गर्नु हुने मेरा सहकर्मी साथीहरू, कर्मचारी साथीहरू, शुभचिन्तक तथा मलाई सल्लाह दिने सल्लाहकार मित्रहरूमा हार्दिक धन्यवाद दिन चाहन्छु । बर्दिया जिल्लामा अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक तथा नागरिक अधिकार, शिक्षा स्वास्थ्य, पुनर्स्थापना लगायतको अधिकार स्थापित गर्नु पर्छ भन्ने सोच, मूल्य मान्यताका साथ यस बर्दिया जिल्लामा अपाङ्ग पुनर्स्थापना केन्द्र नामक संस्था स्थापना गर्ने, अपाङ्गता आन्दोलनका अग्रज तथा संस्थापक अध्यक्ष श्री नेत्र प्रसाद सापकोटा, संस्थापक पदाधिकारी लगायत सदस्य ज्यूहरू, सल्लाह दिने सल्लाहकार ज्यूहरू, प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा मलाई जति बेला पनि सहयोग गर्ने सरकारी तथा गैर सरकारी निकायहरू, संस्थाका कर्मचारी साथीहरू, स्वयंसेवक तथा शुभचिन्तक ज्यूहरूलाई सम्झन चाहन्छु । यो संस्था अपाङ्गता भएका व्यक्तिहरूको लागि अपाङ्गता भएकै व्यक्तिहरूद्वारा अपाङ्गताको क्षेत्रमा जिल्लाकै अग्रज र अभिभावक संस्थाको रूपमा स्थापित भएको कुरा यहाँहरू समक्ष राख्न चाहन्छु । मैले यस संस्थाको नेतृत्व ग्रहण गरे लगतै यहाँहरूको सद्भाव, माया, सहयोग, प्रेरणा र रचनात्मक सुझावको कारण नै आज यस संस्थालाई गाउँ बस्ती हुँदै जिल्ला स्तर देखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तर सम्म संस्थाले आफ्नो पहिचान बनाउन सफल भएको कुरा यहाँहरू समक्ष जानकारी गराउन पाउँदा ज्यादै हर्षित छु । मेरो कार्यकालमा यस बर्दिया जिल्लामा विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार र अर्थ पूर्ण समावेशीकरणका लागि पैरवी वकालत, मतदातामा नाम दर्ता, नागरिकता, विद्यालयमा भर्ना जस्ता जनचेतना अभियान क्षमता विकास, जीविकोपार्जन, व्यावसायिक सीप विकास,

गा.वि.स. स्तरमा सञ्जाल तथा संगठन निर्माण, अपाङ्गता भएका व्यक्तिहरूको लागि परिचय पत्र र शारीरिक अपाङ्गता भएका बालबालिकाहरूको लागि उपचार तथा शिविर सञ्चालन गर्ने लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । अझ भन्नु पर्दा २०७१ सालमा बर्दियामा आएको विनाशकारी बाढीबाट प्रभावित अपाङ्गता भएका व्यक्तिहरूलाई डि.डि.पि. यूके एड. को सहयोगमा झण्डै १० लाख भन्दा बढीको राहत सामाग्री वितरण, त्यसै गरी तत्कालीन सानोश्री ताराताल नगरपालिकाका कार्यकारी अधिकृत अर्जुन सुवेदीको पहलमा तथा राष्ट्रिय अपाङ्ग कोष भृकुटीमण्डपको सहयोगमा शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको लागि झण्डै १५ लाख बराबरको ह्वीलचिएर, कृत्रिम अंग, वैशाखी लगायतका सहायक सामग्री वितरण, त्यस्तै तत्कालीन लाएन्स क्लब अफ बर्दियाका प्रमुख कृष्ण राज पन्तको समन्वयमा कोहलपुर मेडिकल कलेजको प्राविधिक सहयोगमा सहायक सामग्रीको नाप जाँच तथा वितरण शिविरबाट झण्डै ५ लाख बराबरको सहायक सामाग्री तथा उपकरण वितरण गरेको स्मरण गराउन चाहन्छु । त्यस्तै सि.पि.सेन्टर काठमाण्डौंको समन्वयमा मस्तिष्क पक्षघात भएका बाल बालिकाहरूको लागि गृह भेटद्वारा फिजियोथेरापी सेवा प्रदान गरेको छ। यस बर्दिया जिल्लामा गुलरिया नगरपालिका कार्यालयको सहयोग र सहकार्यमा अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क संकलन कार्य सम्पन्न भएको छ भने जिल्ला विकास समितिको सहयोगमा १२ गा.वि.स. मा अपाङ्गता सम्बन्धी सर्वेक्षण गर्ने काम सम्पन्न भएको छ बाँकी गा.वि.स. मा सर्वेक्षणको लागि जिल्ला विकाससँग पैरवी निरन्तरता रहको जानकारी गराउन चाहन्छु । बर्दिया अपाङ्ग पुनर्स्थापना केन्द्रको आफ्नो भवन बनाउन सरकारी जग्गाको लागि जिल्ला स्थित सरोकारवाला निकायसँग छलफल तथा अन्तरक्रिया, समन्वय बैठक लगायतका गतिविधिहरू गर्दै आएको भएता पनि जिल्ला स्थित सरकारी कार्यालयका प्रमुख तथा राजनीतिक दलको सकारात्मक प्रतिबद्धता नहुँदा यो अभियानलाई मैले पुरा गर्न नसक्दा म आफै दुखी छु । संस्थामा प्रवेश गरे देखी धैरै चुनौतीको सामना गर्दै उकाली ओराली गर्दै झण्डै डेढ दशको यात्रा पार गरिएछ । संस्थापक अध्यक्ष नेत्र प्रसाद सापकोटाको नेतृत्वमा ४ वर्ष सचिव , निलकण्ठ बरालको नेतृत्वमा २ वर्ष सचिव वि. स. २०६७ देखि २०७३ माघ सम्म अध्यक्षको पद सम्हाल्ने अवसर प्राप्त भएको जानकारी गराउन चाहन्छु। यस्तै गरी ३ वर्षका लागि राष्ट्रिय अपाङ्ग महासंघ नेपालका पूर्व

अध्यक्ष विरेन्द्र राज पोखरेलको नेतृत्वमा आमन्त्रित केन्द्रीय सदस्य, २०६९ देखि २०७२ सम्म राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष सुदर्शन सुवेदीको नेतृत्वमा निर्वाचित केन्द्रीय सदस्य भएर काम गर्ने अवसर प्राप्त भएको थियो । यो स्थान सम्म पुग्नको लागि अपाङ्गता भएका व्यक्तिहरू, अभिभावक, नागरिक समाज र राष्ट्रिय अपाङ्ग महासंघ नेपालका पूर्व अध्यक्ष विरेन्द्रराज पोखरेल र वर्तमान अध्यक्ष सुदर्शन सुवेदी ज्यू प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । मलाई लाग्छ **"नेतृत्व भनेको पद होइन क्षमता हो , नेतृत्व भनेको व्यक्ति होइन दुर दृष्टि "** हो भन्ने भनाइलाई आत्म साथ गर्दै तत्कालीन अवस्थामा उक्त पदको जिम्मेवारी लिन अरू कोही साथीहरूलाई आग्रह गर्दा कोही तयार नभए पछि मैले जिम्मेवारी लिनु पर्ने अवस्थाको सृजना भएको थियो । हुन पनि तत्कालीन अवस्थामा संस्था संक्रमण कालिन अवस्थामा थियो त्यति बेला संस्थामा न त कार्यक्रम नै थियो न त कुनै श्रोत साधन नै थियो। उल्टो संस्थाले तिर्नु पर्ने झण्डै १ लाखको दायित्व भएको अवस्थामा जिम्मेवारी लिनु सामान्यता थिएन । तर पनि मैले व्यक्तिगत हित भन्दा संस्था र अपाङ्गता भएका व्यक्तिहरूको हितलाई प्राथमिकता दिनु मेरो प्रमुख कर्तव्य थियो । अपाङ्गताको क्षेत्रमा काम गर्नु भनेको अन्य क्षेत्र जस्तो सहज नभएको मैले अनुभव गरे । संस्थामा झण्डै २ वर्ष जति बिना श्रोत साधनको बाबजुत पनि मैले बन्द अवस्थामा रहेको संस्थाको ढोका खोल्ने प्रयास गरे जसको परिणाम आज हामीले यत्रो तामझामका साथ अधिवेशन सम्पन्न गराउन पाउँदा खुशी लागेको छ । मलाई लाग्छ साँच्चै अभियानलाई सार्थकतामा पुर्‍याउन, इमान्दारिता, धैर्यता र इच्छा शक्ति भएमा अभियानलाई सार्थकता बनाउन सकिने मलाई यो अधिवेशनमा सिकाई भएको महसुस गरेको छु । आजको यस सम्मानित सभामा मैले बहन गर्दै आएको जिम्मेवार पदलाई स– सम्मानका साथ हस्तान्तरण गर्दै र यस जिम्मेवारीबाट विश्राम लिने निर्णय गरेको समेत जानकारी गराउन चाहन्छु । म अपाङ्गताको आन्दोलनको एक अभियन्ता भएकाले म संस्थामा रहँदा होस वा नरहँदा होस म सँग भएको सीप, ज्ञान धारणा पद हस्तान्तरणसँगै यी कुराहरू पनि हस्तान्तरण गर्ने प्रतिबद्धता गर्न चाहन्छु जसको कारण संस्थाको दैनिक प्रशासनिक तथा कार्यक्रमलाई सहज रूपमा बिस्तार गर्न सकियोस् । अन्तमा मेरो नेतृत्वको कार्यकालमा यस संस्थालाई यस अवस्था सम्म ल्याई पुर्‍याउनको लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्ने दातृ निकाय, परियोजनाको लागि महत्वपूर्ण भुमिका खेल्ने

आदरणिय राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष सुदर्शन सुवेदी, नेपाल अपाङ्ग अधिकार केन्द्रका महासचिव जगदिश प्रसाद अधिकारी, आई.फेस नेपालका तत्कालिन परियोजना प्रमुख सुरज सिग्देल, पदम परियार, अपाङ्गता भएका व्यक्तिहरुको अभिभावकहरु, जिल्ला स्थित स्थानिय निकाय, महिला तथा बालबालिका कार्यलय प्रमुख लगाएत सम्पूर्ण कर्मचारी, र यस संस्थालाई आर्थिक, भौतिक नैतिक र सुझाब सल्लाहबाट सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरुमा पुन : हार्दिक धन्यवाद दिन चाहन्छु। साथै यस बर्दिया जिल्लामा रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षण, संवद्र्धन, प्रवद्र्धन तथा पुनर्स्थापना लगाएतको क्षेत्रमा धैरै काम गर्न बाँकी रहेकोले जिल्ला स्थित सरोकारवाला निकाय, दातृ निकायहरु, अन्य सहयोगी निकायहरु, शुभ चिन्तकहरुमा पुनः सहयोगको अपेक्षा गर्दछु।

के तपाई अपाङ्ग आवाज मासिक पत्रिकाको ग्राहक बन्न चाहनु हुन्छ ?

के तपाईले अपाङ्ग आवाज मासिक पत्रिका पढ्नु भयो ? यदि तपाई अपाङ्ग आवाज मासिक पत्रिका पढ्न र ग्राहक बन्न चाहनु हुन्छ भने

हामीलाई सिधा सम्पर्क गर्नु होस्

फोन नं : ०१-४९११०९२

सूचना तथा सञ्चारमा अपाङ्गहरुको समान सहभागिता आजको आवश्यकता
अपाङ्ग प्रधान
अपाङ्ग आवाज
मासिक

# कुखुरा पालनबाट आय–आर्जन गर्न सफल कुलबहादुरको कथा

नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले सन् २०१४ अप्रिल देखि सन् २०१७ को मार्च सम्मको लागि डि.डि.पि. युके.एड. सँगको संयुक्त साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक स्तर उकास्ने उद्देश्यले "पश्चिम नेपालका अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना " (जिपिएएफ परियोजना) सञ्चालन गरेको छ । यो परियोजना दाङ्ग जिल्लाको अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च नेपाल, बर्दिया जिल्लाको अपाङ्ग पुनर्स्थापना केन्द्र, सुर्खेतको अपाङ्ग सशक्तिकरण केन्द्र तनहुँको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार विकासका लागि श्रोत केन्द्र (रिसेड) गरी अपाङ्गता सम्बन्धी काम गर्ने ४ वटा स्थानीय जिल्ला साझेदार संस्थाहरूसँगको साझेदारीमा सञ्चालन गरिएको छ। सोही परियोजना अन्तर्गत वि. सं. २०७३ साल फागुन महिनाको अपाङ्ग आवाज मासिक पत्रिकामा कुखुरा पालन व्यवसायबाट आय –आर्जन गरी जीवनयापन गर्न सफल हुनु भएका सुर्खेत जिल्लाका कुलबहादुर सार्कीको सफलताको कथा यस प्रकार उल्लेख गरिएको छ ।




वि.स.२०२९ साल श्रावण ४ गतेका दिन सुर्खेतको जर्वुटा गा.वि.स. वडा नं. ६ मा बुबा चन्द्रवीर सार्की र आमा छलु सार्कीको कोखबाट कुल बहादुरको जन्म भएको हो । कुलबहादर सार्की ४ महिनाको हुँदा उहाँको देब्रे खुट्टामा आगोले पोलेको थियो । घरको

आर्थिक अवस्था कमजोर भएको कारण समयमा उपचार हुन सकेन । विस्तारै आगोले पोलेको घाउ पाक्न थाले पछि उपचारको लागि सुर्खेत जिल्ला अस्पतालमा लगिएको र निरन्तर ३ वर्षसम्म उपचार गराउँदा पनि उक्त घाउ पूर्ण रूपमा केही निको हुन सकेन । त्यस पछि त उहाँको देब्रे खुट्टा टेक्नै नमिल्ने भयो र हिंडडुलको लागि वैशाखीको प्रयोग गर्नु पर्ने भयो । जन्मेको ४ महिनामा आगोले पोलेर देब्रे खुट्टा

विद्यालय आउँथ्यो । त्यसमा पनि उकालो र ओरालोसँग संघर्ष गर्नु पर्ने बाध्यता थियो । यस्तो अवरोधका बावजुत पनि कुल बहादुर सार्कीले घर देखि १ घण्टा टाढा रहेको विद्यालयमा पैदल हिंडेर भए पनि कक्षा २ सम्म अध्ययन गर्न सफल हुनु भयो । कुलबहादुरले पढ्ने चाहना हुँदा हुँदै पनि विद्यालय टाढा भएको र घरको आर्थिक अवस्था कमजोर भएको कारण त्यो कक्षा २ देखि माथिको शिक्षालाई निरन्तरता दिन सक्नु



टेक्न नै नभए पछि उहाँ घरमा नै बस्न थाल्नु भयो । उहाँलाई घर भन्दा बाहिर हिंडडुल गर्नको लागि आफू मैत्री वातावरण थिएन । विस्तारै विद्यालय जाने उमेर हुँदै गयो तर मनमा पढ्ने चाहना हुँदा हुँदै पनि घर देखि १ घण्टाको बाटो हिंडे पछि

भएन । त्यस पछि पढाई छोडेर यत्तिकै घरमा नै बस्न थाल्नु भयो । छोरा शारीरिक अपाङ्गता भए पछि कुल बहादुरका बाबु आमामा हाम्रो छोरा यस्तो अपाङ्गता भयो, अब यसले जीवनमा केही पनि गर्न सक्दैन, यसको जिन्दगी

यत्तिकै बरबाद भयो, हाम्रो देहान्त पछि यसको अवस्था कस्तो होला भनेर चिन्ता लिन थाल्नु भयो । यस्तो अवस्थामा पनि कुलबहादुरले विस्तारै घरको काममा आफूले सक्दो सहयोग गर्दै जानु भयो । कुलबहादुर २९ वर्षको भए पछि आफ्नै गाउँको खगिसरा बोहरासँग विवाह बन्धनमा बाँधिनु भयो । विवाह बन्धनमा बाँधिए पछि कुलबहादुरमा अब थप जिम्मेवारी थपिएता पनि श्रीमतीको साथ र सहयोग भने राम्रो नै रहको थियो । विवाह पछि उहाँहरू आमा बुवाबाट छुट्टिएर बस्न थाल्नु भयो । त्यस पछि अब आफू आफ्नो परिवारको जीवन यापनका लागि केही गर्नु पर्दछ भन्ने अठोटका साथ सुर्खेत जिल्लाको जर्वुटा गा.वि.स. बाट वि.स.२०६० सालमा वीरेन्द्रनगर नगरपालिका वडा नं. १ ढोडेखालीमा ऐलानी जग्गामा बसाई सरी एउटा सानो घर बनाएर बस्न थाल्नु भयो र गाउँमा नै ज्याला मजदुरी गरी थोरै पैसा जम्मा गरेर वीरेन्द्रनगर कुखुरा पालन व्यवसाय सुरु गर्नु भयो । त्यो कुखुरा व्यवसायबाट केही आम्दानी पनि हुन थाल्यो र उक्त व्यवसायलाई अझ ठूलो बनाउने सोच लिएर सुर्खेत जिल्लामा रहेको अपाङ्ग सशक्तिकरण केन्द्रमा आफ्नो चाहना बमोजिमको समस्या प्रस्तुत गरे पछि उक्त संस्थाले नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले डि.डि.पि, यूके एड् सँगको संयुक्त साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक स्तर उकास्ने उदेश्यले “पश्चिम नेपालका अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना” (जिपिएएफ) मार्फत कुलबहादुर



सार्कीलाई रु ९ हजार रुपैयाँ उपलब्ध गरायो । त्यस पछि शारीरिक अपाङ्गता भएका व्यक्ति कुलबहादुर सार्कीको खुशीको सिमा रहेन। त्यस पछि सुर्खेत जिल्लाको विजय एग्रोभेटबाट १ सय वटा चल्ला र केही दाना खरीद गरेर पहिला देखि नै सञ्चालन गरेको कुखुरा पालनको व्यवसायलाई अझ बढाउनु भयो । त्यो व्यवसायबाट केही फाइदा भयो र त्यो नाफाको रकम पनि उक्त व्यवसायमा लगानी गरी आय – आर्जन सफल हुनु भयो। अहिले उक्त कुखुरा पालनबाट आम्दानी भएको पैसाले ५ जना छोरी, श्रीमती र आफू सहित ७ जनाको परिवारको लालन पालन राम्ररी नै गर्न सफल हुनु भएको छ । अहिले कुलबहादुर सार्कीले एक लटमा ४ सय वटा कुखुराका चल्लाहरु किनेर व्यवसाय गर्दै आउनु हुन्छ र उक्त व्यवसायबाट नाफा भएको रकमले घर परिवार राम्ररी नै सञ्चालन भएको छ । यो व्यवसाय गरेर आम्दानी गर्नमा सुर्खेत जिल्लाको अपाङ्ग सशक्तिकरण केन्द्र, नेपाल अपाङ्ग मानव अधिकार केन्द्र र डि.डि.पि, यूके एड्बाट धेरै ठूलो सहयोग मिल्नुका साथै व्यवसाय गर्नमा प्रेरणा पनि मिलेको उहाँ बताउनु हुन्छ । कुलबहादुर सार्कीले पालेका कुखुरा सुर्खेत जिल्लाका विभिन्न ठाउँहरूमा खपत हुनुका साथै कर्णाली अञ्चलको कालिकोट जिल्ला सम्म खपत हुने र कुखुरा बेच्नको लागि आफै बाहिर जान पनि नपर्ने र घरमा नै आएर कुखुरा किन्ने हुँदा यो कुखुरा व्यवसायबाट आय–आर्जनका लागि थप सहयोग भएको उहाँ बताउनु हुन्छ। अहिले कुलबहादुर सार्कीसँग २ वटा कुखुराका खोरहरू रहेका छन् जसमा एउटामा ठूला कुखुराहरू र अर्कोमा साना चल्लाहरु रहेका छन्। ३० हजार रुपैयाँबाट सुरु गरेको यो कुखुरा पालन व्यवसायबाट उहाँको व्यवसाय अहिले ३ लाख सम्मको पुगेको छ। परिश्रम गर्न सकेमा र घर परिवार तथा समुदायको साथ र सहयोग भएमा अपाङ्गता भएका व्यक्तिहरूले जस्तो सुकै काम पनि सम्पन्न गरेर जीवनयापन गर्न सक्दछन् भन्ने उदाहरण आज कुलबहादुर सार्कीले प्रस्तुत गर्नु भएको छ । आफू अपाङ्गता भएता पनि आफ्ना हरेक कार्यहरूमा श्रीमती र छोरीहरूको साथ र सहयोग रहेकोले यो व्यवसायमा सफल हुन सकेको उहाँ बताउनु हुन्छ। आफूले सञ्चालन गरेको कुखुरा पालनको व्यवसायलाई अझ राम्रो र आम्दानी मूलक बनाउनको लागि नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले डि.डि.पि, यूके एड्सँगको संयुक्त साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक स्तर उकास्ने उदेश्यले "पश्चिम नेपालका अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना" (जिपिएएफ) मार्फत अपाङ्ग सशक्तिकरण केन्द्र सुर्खेतको साथ र सहयोग रहेकोमा यी संस्थाहरूलाई उहाँ हृदय देखि धेरै धेरै धन्यवाद दिन चाहनुहुन्छ।

# अन्तर्राष्ट्रिय महिला दिवस र अपाङ्गता महिलाको सवाल

हरेक वर्षको मार्च ८ तारिकलाई विश्व भरिनै अन्तर्राष्ट्रिय महिला दिवसको रूपमा मनाउने गरिन्छ । विश्वमा जस्तै नेपालमा पनि गत बुधबार फागुन २५ गते मार्च ८ तारिकका दिन विभिन्न कार्यक्रमहरूको आयोजना गरेर यो दिवस सम्पन्न गरियो । यस वर्षको १०७ औं अन्तर्राष्ट्रिय महिला दिवसको अन्तर्राष्ट्रिय नारा “बदलिँदो परिवेशमा कामकाजी महिला : सन् २०३० सम्म बराबरी पाइला” र राष्ट्रिय नारा “महिला सम्मानको आधार : सीपयुक्त हात र स्वरोजगार” भन्ने रहेको थियो । यसै दिवसका अवसरमा विभिन्न वर्ग समुदायका महिलाहरू जस्तै विभिन्न प्रकारका अपाङ्गता भएका महिलाहरूको पनि सहभागिता रहेको थियो ।

## अन्तर्राष्ट्रिय महिला दिवस समावेशी बनोस्

हामीले हरेक वर्ष मार्च ८ तारिकका दिन अन्तर्राष्ट्रिय महिला दिवस मनाउदै आएका छौ । तर अन्य महिलाहरुका तुलनामा यो दिवसको अवसरमा अपाङ्गता भएका महिलाहरुको सहभागिता समेत उल्लेखनिय रहेको पाइदैन । किनकी हाम्रा सवालमा अन्य महिलाहरुको हक हित र अधिकारको लागि काम गर्ने संघ संस्थाहरुले त्यति चासो नदिएको अवस्था छ । जसले गर्दा विशेष गरी मनोसामाजिक अपाङ्गता भएका महिलाहरु त झनै पछाडी पारिएका छन् । आगामी दिनमा अन्य प्रकारका अपाङ्गता भएका महिलाहरुको साथै मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुलाई पनि यस्ता दिवसहरुमा उल्लेखनिय सहभागिताका साथै उनीहरुका सवाहरुलाई पनि सम्बोधन गर्न जरुरी छ । अपाङ्गता भएका महिलाहरुका सवालका विषयमा सबै निकायहरुले चासो दिएर अगाडि बढेको खण्डमा हाम्रो सहभागिताले सार्थकता पाउने छ । त्यसैले आगामी दिनमा यो अन्तर्राष्ट्रिय महिला दिवस समावेशी बनोस् र सबै प्रकारका अपाङ्गता भएका महिलाहरुका सवालहरुलाई समावेश गरियोस् भन्न चाहन्छु ।



सुस्मिरा अर्याल, मनोसामाजिक अपाङ्गता महिला तथा महासचिव, अपाङ्गता अधिकारका लागि महिला समुह

## अपाङ्गता अनुकलको वातावरणको निर्माण गर्न जरुरी छ

- [illegible]

यस वर्षको १०७ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा विभिन्न कार्यक्रमहरु आयोजना गरेका छौ । ती कार्यक्रमहरुमा सबै प्रकारका महिलाहरुको सहभागिता हुन जरुरी छ । तर पनि पूर्ण रुपमा अपाङ्गता भएका महिलाहरु यी कार्यक्रमहरुमा सहभागि हुन सकेका छैनन् । यस विषयमा महिलाहरुको हक हित र अधिकारको लागि काम गर्ने विभिन्न संघ संस्थाहरुले चासो दिन जरुरी छ । अपाङ्गता भएका महिलाहरुलाई पनि अवसर दिनु पर्दछ । अपाङ्गता अनुकलको वातावरणको निर्माण गरेर उनीहरुलाई पनि सँगसँगै लैजानु पर्दछ, यस विषयमा राष्ट्रिय मानव अधिकार आयोगले पनि  पहल गर्ने छ । यो १०७ औं अन्तराष्ट्रिय महिला दिवसले अन्य महिलाहरुको साथै अपाङ्गता भएका महलिाहरुका सवालहरुलाई पनि सम्बोधन गर्न सकोस भन्ने शुभकामना दिन चाहन्छु ।

यो

दिवसको अवसरमा महिलाहरूले आफ्ना हक हित र अधिकारका सवालहरूलाई सम्बन्धित निकाय सम्म पुऱ्याउनको लागि आवाज बुलन्द गर्ने गर्दछन् । तर हरेक वर्ष अन्तर्राष्ट्रिय महिला दिवस मनाउँदै आइएता पनि हाम्रो समाजमा रहेका अधिकांश



अनिता विन्दु, सञ्चारकर्मी तथा उपाध्यक्ष, नेपाल पत्रकार महासंघ

## सबै निकायमा अपाङ्गता भएका महिलाको सहभागिताको लागि पहल गर्ने छु

सर्व प्रथम त अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा सम्पूर्ण महिलाहरुलाई म शुभकामना दिन चाहन्छु । यो दिवसलाई हामी महिला मात्र होइन महिला पुरुष मिलेर अगाडि बढ्नु पर्दछ । हामीले अपाङ्गता भएका महिलाको सहभागिताको कुरा महिला दिवसमा मात्र गर्ने होइन की वर्ष भरी नै अन्य महिलाहरुका साथै अपाङ्गता भएका महिलाहरुका सवालहरुलाई पनि समावेश गर्दै लैजान आवश्यक छ । मैले मेरो व्यक्तिगत तथा संस्थागत तर्फबाट विगतका दिनमा पनि अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई सम्बन्धीत निकाय सम्म लैजानको लागि सहयोग गर्दै आएको थिए र आगामी दिनमा पनि यस विषयमा सक्दो सहयोग गर्ने छु । राज्यका रहेका निकायमा उनीहरुको सवालहरु तथा सहभागिता गराउनु पर्दछ भन्ने कुरामा मैले पहल गर्ने छु ।

अपाङ्गता भएका महिलाहरूका सवालहरू पछाडी पारिएको अवस्था छ । विशेष गरेर पूर्ण तथा अति असक्त अपाङ्गता भएका महिलाहरूमा पनि दृष्टिविहिन, बौद्धिक, बहिरा तथा मनोसामाजिक अपाङ्गता भएका महिलाहरूका सवालहरूलाई हरेक वर्ष आउने यस्ता अन्तर्राष्ट्रिय महिला दिवसले आज सम्म सम्बोधन गर्न सकेको पाइदैन । यस वर्षको १०७ औ अन्तर्राष्ट्रिय महिला दिवस मनाउनको लागि महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको आयोजनामा काठमाण्डौंको भृकुटीमण्डपबाट र्‍यालीको निकालिएको थियो । उक्त र्‍यालीमा विभिन्न जात जाति, वर्ग समुदायका महिलाहरूले आ– आफ्नो संस्थाको ब्यानर सहित महिला हिंसाको अन्त्य गर्नु पर्ने, उनीहरूलाई रोजगार उपलब्ध गराउनु पर्ने, समान ज्याला दिनु पर्ने, गुणस्तरिय शिक्षा दिनु पर्ने लगायतका नाराहरू लगायतका थिए । सो र्‍यालीमा पुरुषहरूको पनि साथ सहयोग रहेको थियो

**अपाङ्गता भएका महिलाका सवालहरु पूर्ण रुपमा समावेश भएका छैनन्**

हामीले महिलाको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुको सहभागितामा विगतका वर्षहरुमा जस्तै यो वर्षको मार्च ८ तारिकका दिन पनि अन्तर्राष्ट्रिय महिला दिवस सम्पन्न गरेका छौ । यो दिवस मनाउने क्रममा अन्य महिलाहरु जस्तै अपाङ्गता भएका केही महिलाहरुको पनि सहभागिता रहेको छ तर सबन्धित तथा सरोकारवाला निकायहरुले अरु महिलाहरुको तुलनामा अपाङ्गता भएका महिलाहरुलाई सहभागिता गराएको पाइदैन । आफ्ना कार्यक्रमहरुमा अपाङ्गता भएका महिलाहरुका सवालहरुलाई बेवास्ता गरेको जस्तो लाग्छ । विगतका तुलनामा भन्दा केही सकारात्मक परिर्वतन आएता पनि अझ अपाङ्गता भएका महिलाहरु प्रति पूर्ण रुपमा चासो दिएको अवस्था छैन । अहिले यो राष्ट्रपति महिला उत्थान कार्यक्रम भनिएको छ यस्ता कार्यक्रममा अपाङ्गता भएका महिलाहरुलाई सम्बोधन गरेको पाईन । आगामी दिनमा यस्ता कार्यक्रमहरुमा अपाङ्गता भएका महिलाहरुको सहभागिता हुन जरुरी छ ।



मिना पौडेल, महासचिव,
नेपाल अपाङ्ग महिला संघ

## अपाङ्गता भएका महिलाहरुका मुद्याहरुलाई प्राथमिकता दिने छौ

सबै महिलाहरुमा यो १०७ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा शुभकामना व्यक्त गर्न चाहन्छु । हामीले महिलाहरुका सवालमा काम गर्ने क्रममा उनीहरुका मुद्याहरुलाई लिएर एउटा सञ्जाल बनाएका छौ त्यो सञ्जालमा अपाङ्गता भएका महिलाहरुको पनि सहभागिता रहेको छ । हामीले अन्य महिलाहरुको जस्तै अपाङ्गता भएका महिलाहरुका मुद्याहरुलाई विशेष गरी प्राथमिकता दिएर सम्बोधन गर्नको लागि अग्रसर भएर काम गरेका छौ । यसमा अपाङ्गता अनुकुलको वातावरण, संरचना, रोजगारीको अवसर, न्यायमा पहुँच भएका नीति नियमहरु कार्यन्वयन गर्नको लागि साझा सवालका रुपमा लिएर अगाडि बढि रहेका छौ । आगामी दिनमा पनि हरेक निकायमा अपाङ्गता भएका महिलाहरुको सहभागिताका सवालहरुलाई लिएर अगाडि बढ्ने छौ ।

।

भृकुटीमण्डपबाट निकालिएको उक्त र्‍याली सहिदगेट, सुन्धारा, वीर अस्पताल हुँदै रत्नपार्कको शान्ति वाटिकामा गएर कोण सभामा परिणत भएको थियो । सोही कार्यक्रमका अवसरमा सहभागी भएका विभिन्न प्रकारका अपाङ्गता भएका महिलाहरूले अन्य महिलाहरूको जस्तै अपाङ्गता भएका महिलाहरूको पनि विभिन्न निकायहरूमा प्रतिनिधित्व तथा क्षमता अभिवृद्धिको लागि उपयुक्त वातावरण सृजना गर्नु पर्ने गुनासो गर्नु भएको भएता पनि अपाङ्गता भएका महिलाहरूका सवालहरूलाई महिलाको क्षेत्रमा काम गर्ने अधिकांश संस्थाहरूले सम्बोधन गरेको पाइँदैन । पछिल्लो समयमा केही संघ संस्थाहरूले आफ्ना कार्यक्रमहरूमा अपाङ्गता भएका महिलाहरूका सवालहरू राख्ने प्रयास भने गरेका छन् तर ती सवालहरू पूर्ण रूपमा समावेश भएको पाइँदैन । आगामी दिनमा यस्ता सवालहरूलाई प्राथमिकताका साथ समावेश गर्न जरुरी देखिन्छ । विभिन्न समयमा यस्ता दिवसहरू मनाई रहँदा अन्य



लिलि थापा, अध्यक्ष संकल्प नेपाल, एवं मानव अधिकारको लागि एकल महिला समुहको संस्थापक

महिलाहरूको तुलनामा अधिकांश ठाउँमा अपाङ्गता भएका महिलाहरू पछाडी परेको पाइन्छ । उनीहरूका सवालहरूलाई चासो नदिएको, उनीहरूको उल्लेखनिय सहभागिता नभएको अवस्था छ । किनकी हाम्रा भौतिक संरचनाहरु र हाम्रो समाजमा अपाङ्गता प्रति भएको नकारात्मक सोचका कारण अपाङ्गता भएका महिलाहरूका शिक्षा, स्वास्थ्य, रोजगारी, प्रतिनिधित्व तथा सहभागिता लगायतका सवालहरू पूर्ण रूपमा समावेश हुन सकेका छैनन् । यस्ता दिवस मनाई रहँदा अन्य महिलाहरू जस्तै अपाङ्गता भएका महिलाहरूका मुद्दाहरूलाई पनि सँगसँगै लैजानु जरुरी छ । अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा शुभकामना व्यक्त गर्दै अपाङ्गता भएका महिलाहरूको हक अधिकारको लागि उनीहरूको सहभागिता तथा प्रतिनिधित्वलाई महत्व दिनु पर्ने देखिन्छ । फ्रान्सको राज्य क्रान्ति ताका ग्रीसकी महिला लाईसिस्ट्राले युद्ध

### अपाङ्गता महिलाका सवाललाई साझा सवालका रुपमा लैजान जरुरी छ


यस वर्षको १०७ औ अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा सबै महिला दिदी बहिनी तथा आमाहरुलाई शुभकामना व्यक्त गर्न चाहन्छु । यो दिवसको अवसरमा मलाई नेपाली महिला संघ हङ्कङ् र गैर आवासिय नेपाली संघ हङ्कङ्ले संयुक्त रुपमा **Women of the Year Award 2017** प्रदान गरेकोमा आयोजक संस्थालाई पनि विशेष धन्यवाद व्यक्त गर्दछु । अझै पनि अन्य महिलाहरुको तुलनामा विभिन्न प्रकारका अपाङ्गता भएका महिलाहरु पछाडी पारिएका छन् । उनीहरुका सवालहरुलाई सम्बन्धीत निकायका साथै महिलाहरुको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुले पनि साझा सवालका विषयमा उजागर गर्न जरुरी छ । यस विषयमा सबैको ध्यान केन्द्रित होस । आगामी दिनमा यो अन्तर्राष्ट्रिय महिला दिवसका अवसरम अपाङ्गता भएका महिलाहरुका सवालहरुलाई पनि समावेश गर्न जरुरी छ । यसको लागि हामी पनि पहल गर्ने छौ । यो दिवस महिला अधिकार सुनिश्चित गराउने कुरामा सार्थक बनोस भन्न चाहन्छु ।



टिका दाहाल, उपाध्यक्ष, राष्ट्रिय अपाङ्ग महासंघ

## अपाङ्गता महिलाका सवालमा हामी संवेदनशिल छौ

हाम्रो समाजमा अधिकांश महिलाहरु विभिन्न कारणले पीडीत हुनु हुन्छ । त्यस भित्र पनि अधिकांश अपाङ्गता भएका महिलाहरुका पीडाहरु दर्दानाक रहेको पाइन्छ । अपाङ्गता भएकै कारण उनीहरुले विभिन्न समस्या र चुनौतीहरुको सामना गर्न परेको छ । यस विषयमा हामी जस्ता महलि अधिकारको लागि काम गर्ने विभिन्न संघ संस्थाहरुको साथ र सहयोगको आवश्यक हुन्छ । यस विषयमा हामी अत्यन्तै संवेदनशिल छौ । अन्य महिलाहरुको जस्तै अपाङ्गता भएका महिलाहरूको सवालमा विशेष प्राथामिकताका साथ काम गर्न जरुरी छ । मैले मेरो व्यत्तिगत तथा संस्थागत रुपमा अपाङ्गता भएका व्यक्तिहरुका मुद्याहरुलाई सम्बन्धीत निकाय सम्म लैजानको लागि सक्दो पहल गर्ने छु र केही मात्रामा गर्दै पनि आएकी छु । अपाङ्गता भएका महिलाहरुको क्षमता अभिवृद्धिको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनु र उनीहरुको हक अधिकार सुनिश्चित गराउने विषयमा सधै साथ रहने छु ।



बन्दना राणा, महिला अधिकारकर्मी

अन्त्यका लागि गरेको पहिलो महिला हडतालसँगै सुरु भएको महिला आन्दोलनको आधुनिक अभियान सन् १९१० मार्च ८ बाट प्रारम्भ भएको मानिन्छ । यस दिन चीन, ब्राजिल, डोमनिकन गणतन्त्र, संयुक्त राज्य अमेरिकाका अग्रणी महिलाहरू मिलेर आवाज उठाएको दिनलाई अन्तर्राष्ट्रिय महिला दिवसको रूपमा मनाउँदै आएको पाइन्छ । अन्तर्राष्ट्रिय महिला दिवस मनाई रहँदा नेपालका विभिन्न जिल्लामा रहेका अपाङ्गता भएका महिलाहरू घरेलु हिंसा, बलात्कार, यौन दुर्व्यवहारको शिकार भएको पाइन्छ । जसले गर्दा यस्ता दिवसहरूका अवसरमा अपाङ्गता भएका महिलाहरूका विभिन्न सवालहरूलाई उजागर गर्न जरुरी देखिन्छ । विगतका वर्षहरूको तुलनामा पछिल्लो समयमा अपाङ्गता भएका महिलाहरू प्रति केही सकारात्मक परिवर्तन आएता पनि अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा गरिएका कार्यक्रमहरूमा आयोजक कमिटिले अपाङ्गता भएका

महिलाहरू प्रति खासै चासो देखाएको पाइएन। नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले यस १०७ औं अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा काठमाण्डौंको राष्ट्रिय सभागृहमा मूल समारोहको आयोजना गरेको थियो । उक्त कार्यक्रमको उद्घाटन सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले पानसमा दिप प्रज्वलन गरेर गर्नु भएको थियो । यस दिवसका अवसरमा आर्थिक वर्ष २०७३/०७४ देखि राष्ट्रपति महिला उत्थान कार्यक्रमहरू सञ्चालन पनि गरिएको छ । यो कार्यक्रम नेपालका २५ जिल्लामा आपत्कालिन सेवा केन्द्रहरू सञ्चालन गरी व्यवस्थित गरिने भएको छ। तर यसमा अपाङ्गता भएका महिलाहरूको सहभागिताको कुनै कुरा प्रस्ट रूपमा उठाइएको पाइँदैन। लैङ्गिक हिंसाबाट पीडितलाई तत्काल उद्धार एवम् राहतका लागि "लैङ्गिक हिंसा निवारण कोष नियमावली २०६७ जारी गरि राष्ट्रिय कोषको व्यवस्था र परिचालन गरिएको छ तर अधिकांश अपाङ्गता भएका हिंसा पीडित महिलाहरू यो सेवाबाट वञ्चित भएका छन् । नेपालको संविधान २०७२ मा पनि महिलाहरूका विभिन्न सवालहरू समावेश गरेको छ ती सवाल अनुसार अपाङ्गता भएका महिलाहरूका सवालहरूलाई पनि सुनिश्चित गर्न जरुरी छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिको धारा ६ मा अपाङ्गता भएका महिलाहरूका हक अधिकारहरू अन्तर्गत सबै मानव अधिकार तथा आधारभूत स्वन्त्रताहरूको पूर्ण र समान उपभोगको सुनिश्चित गर्न अवलम्बन गर्ने, उनीहरूको पूर्ण विकास, प्रगति तथा सशक्तिकरण सुनिश्चित गर्ने कुराहरू उल्लेख गरेको छ। तर उक्त महासन्धिमा उल्लेख गरे अनुसार अपाङ्गता भएका महिलाहरूले पाउनु पर्ने अधिकार, सेवा सुविधाको उपभोग गर्न पाएको पाइँदैन । त्यसैले आगामी दिनमा अपाङ्गता भएका महिलाहरूका सवालहरूलाई सम्बोधन गर्नु पर्ने जरुरी देखिन्छ।

**यस अपाङ्ग आवाज पत्रिकामा प्रकाशन गरिएका निजी विचार तथा लेखहरूले अपाङ्ग आवाज मासिक पत्रिकाको प्रतिनिधित्व गर्दैनन्।**

**- सम्पादक**

# समाचार विविध

## कुष्ठ प्रभावित अपाङ्गता भएका व्यक्तिहरूलाई ग्याँस चुलो वितरण

*माघ २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौं*

राष्ट्रिय कुष्ठ प्रभावित कल्याण संघको आयोजनामा शान्ति सेवा गृह, बूढानीलकण्ठमा विभिन्न दातृ निकायहरूसँगको सहयोगले यो बूढानीलकण्ठमा बसोबास गर्ने कुष्ठ प्रभावित अपाङ्गता भएका व्यक्तिहरूलाई करिब २






राष्ट्रिय कुष्ठ प्रभावित कल्याण संघले आयोजना गरेको शान्ति सेवा गृह, बूढानीलकण्ठमा रहेका भूकम्पबाट प्रभावित भएका कुष्ठ प्रभावित अपाङ्गता भएका व्यक्तिहरूलाई ग्याँस चुलो तथा सिलिन्डर वितरण कार्यक्रमका झलकहरू । **तस्विर : शर्मिला विश्वकर्मा**

रहेका भूकम्पबाट प्रभावित भएका कुष्ठ प्रभावित अपाङ्गता भएका व्यक्तिहरूलाई ग्याँस चुलो तथा सिलिन्डर वितरण गरिएको छ । सो कार्यक्रममा राष्ट्रिय कुष्ठ प्रभावित कल्याण संघका अध्यक्ष दिपक तिवारीले यो आयोजक संस्थाले

लाख ८ हजार रकम बराबरको ग्याँस तथा सिलिन्डर वितरण गरेको बताउनु भयो । यसै क्रममा उहाँले आगामी दिनमा पनि कुष्ठ प्रभावित अपाङ्गता भएका व्यक्तिहरूको लागि विभिन्न सहयोगी निकायहरूसँग मिलेर काम गर्ने बताउँदै राज्यले पनि उनीहरूको हक हित र अधिकारको लागि काम गर्नु पर्ने कुरामा जोड दिनु भयो । उक्त कार्यक्रममा शान्ति सेवा गृह तिलगंगा काठमाण्डौंका कार्यक्रम संयोजक बिजेन्द्र कुँवरले शान्ति सेवा गृहले विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरू र विशेष गरी कुष्ठ प्रभावित भएका व्यक्तिहरूको लागि शिक्षा, स्वास्थ्य तथा आय-आर्जनका लागि काम गर्दै आएको बताउनु भयो । त्यसै गरी बूढानीलकण्ठका ने.क.पा. एमालेका नेता तथा गा.वि.स.का पूर्व अध्यक्ष बालकृष्ण श्रेष्ठले यो गाउँको विकासका साथै यहाँ रहेका कुष्ठ प्रभावित अपाङ्गता भएका व्यक्तिहरूको लागि काम गर्दै आएको र आगामी दिनमा पनि उनीहरूको हक हित र अधिकारको लागि काम गर्ने प्रतिबद्धता जनाउनु भयो । सो ग्याँस तथा चुलो वितरण कार्यक्रमका प्रमुख अतिथि तथा पूर्व प्रधान मन्त्री तथा ने.क.पा. एमालेका वरिष्ठ नेता माधव कुमार नेपालले कुष्ठ प्रभावित अपाङ्गता भएका व्यक्तिहरूलाई ग्याँस तथा चुलो वितरण गर्दै कुष्ठ प्रभावित अपाङ्गता भएका व्यक्तिहरूका विभिन्न समस्याहरू समाधानको लागि सबै एक जुट भएर काम गर्नु पर्ने र यो विषयमा आफ्नो पाटी आवश्यक परेको समयमा सहयोग गर्न तयार रहेको बताउनु भयो । उक्त कार्यक्रममा नेदरल्याण्ड लेप्रोसी रिलिफका राष्ट्रिय निर्देशक के. पी. ढकालले कुष्ठ प्रभावित अपाङ्गता भएका व्यक्तिहरूलाई राज्यले औषधी उपचारको साथै भेदभावको अन्त्य हुने गरि जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने कुरामा जोड दिनु भयो । त्यसै गरी कुष्ठ रोग नियन्त्रण महाशाखा टेकुका स्वास्थ्य उपप्रशासक माधव प्रसाद लम्सालले कुष्ठ प्रभावित अपाङ्गता भएका व्यक्तिहरूलाई हाम्रो समाजमा गरिने विभेदको अन्त्यका साथै उनीहरूको स्वास्थ्य उपचारको लागि पनि राज्यले काम गर्नु पर्ने र अहिले पनि यस विषयमा काम गर्दै आएको बताउनु भयो । सो कार्यक्रममा ५० परिवार कुष्ठ प्रभावित अपाङ्गता भएका व्यक्तिहरूलाई ग्याँस चुलो वितरण गरिएको थियो ।

## उपचार तथा पुनर्स्थापना शिविर सम्पन्न

*८ माघ २०७३, दल बहादुर सुनार, बर्दिया*

अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र, मध्य पश्चिमाञ्चल क्षेत्रीय कार्यालय नेपालगन्ज र बर्दिया अपाङ्ग पुनर्स्थापना केन्द्र गुलरियाको संयुक्त आयोजनामा शारीरिक अपाङ्गता भएका बालबालिकाहरूको लागि २ दिने उपचार तथा पुनर्स्थापना शिविर बर्दियामा सम्पन्न भएको छ । जिल्ला अस्पताल बर्दिया र राजपुर स्वास्थ्य केन्द्रमा सम्पन्न भएको सो शिविरबाट १ सय ५८ जना शारीरिक अपाङ्गता भएका बालबालिका लाभान्वित

भएका छन् । त्यसै गरि जिल्ला स्वास्थ्य कार्यालय बर्दियाको समन्वय तथा प्लान इन्टरनेशनल बाँकेको साझेदारीमा सञ्चालित शिविरमा पनि ६६ जना नयाँ र ९२ जना पुराना बालबालिकाहरूको पनि स्वास्थ्य परीक्षण गरिएको थियो । त्यसै गरि जिल्ला अस्पताल र राजपुर बर्दियामा सम्पन्न शिविर २२ जनालाई शल्यक्रियाको लागि अस्पताल भर्नाको लागि सिफारिस गरिएको थियो भने ३१ जनाको सहयोगी सामाग्रीको लागि नाप जाँच, १३ जनालाई सहायक सामाग्री प्रदान गरिएको थियो भने ५ जनालाई उपचारको लागि अन्य अस्पतालमा सिफारिस गरिएको र ८७ जनालाई फिजियोथेरापी तथा परामर्श सेवा प्रदान गरिएको अपाङ्ग बाल अस्पतालका क्षेत्रीय कार्यालयका प्रमुख वासुदेव जोशीले जानकारी दिनु भयो । सो शिविरमा १८ वर्ष सम्मका शारीरिक अपाङ्गता भएका बालबालिकाहरूको जन्मजात पैताला बाङ्गो र पोलियो लागेको, हात खुट्टा कमजोर भएको, जोर्नी दुख्ने, सुनिने र फुस्किएको, आगोले पोलेर जोर्नीहरू खुम्चिएको, हाडको टि. बी. भएको, हाड पाक्ने रोग, जन्म वा जन्म पश्चात् शरीरको अंगभंग भएको लगायतका समस्याहरूको परीक्षण गरिएको आयोजक संस्थाले जनाएको छ ।

## अपाङ्गता भएका बालबालिकाहरूको दीक्षान्त समारोह

*११ फागुन २०७, शर्मिला विश्वकर्मा, भक्तपुर*

बी. पी. नेत्र प्रतिष्ठान बाल आँखा, नाक, कान, घाँटी अस्पताल एवं पुनर्स्थापना सेवा भक्तपुरले अपाङ्गता भएका बालबालिकाहरूको १३ औं दीक्षान्त समारोह कार्यक्रम सम्पन्न गरेको छ । सो कार्यक्रममा बी. पी. नेत्र प्रतिष्ठान बाल आँखा, नाक, कान, घाँटी अस्पताल एवं पुनर्स्थापना सेवाका निर्देशक माधब अर्यालले दृष्टि सम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूको प्रारम्भिक शिक्षाको लागि यो संस्थाले के कस्ता कार्यक्रमहरू गर्नु पर्ने आवश्यक रहेको छ भन्ने विषयमा सल्लाह सुझाव दिनु हुन आग्रह गर्नु भयो । यसै क्रममा उहाँले कही कतै यस्ता बालबालिकाहरू भेटिएमा यो संस्थामा सम्पर्क गराइ दिनु हुन पनि आग्रह गर्नु भयो । सोही कार्यक्रममा आयोजक संस्थाका निवर्तमान अध्यक्ष तथा आँखा विशेषज्ञ डा. मदन प्रसाद उपाध्यायले दृष्टिविहिन बालबालिकाहरूको जीवन सहज बनाउनका लागि उनीहरू मैत्री अवसरको निर्माण गर्नु पर्ने कुरामा यो संस्था सधैँ अगाडि बढ्ने कुरामा जोड दिनु भयो भने उक्त संस्थाका अध्यक्ष प्राध्यापक पूर्ण चन्द्र कर्माचार्यले यहाँबाट दिक्षित भएका बालबालिकाहरूको उज्वल भविष्यको शुभकामना व्यक्त गर्दै आगामी दिनमा पनि यस्ता बालबालिकाहरूको शिक्षा तथा जीवन यापनको लागि काम गर्न सक्दो पहल गर्ने बताउनु भयो । उक्त कार्यक्रममा ९ जना दृष्टिविहिन बालबालिकाहरूलाई पायक पर्ने जिल्लाहरूमा सञ्चालन भएका सरकारी



*बी. पी. नेत्र प्रतिष्ठान बाल आँखा, नाक, कान, घाँटी अस्पताल एवं पुनर्स्थापना सेवा भक्तपुरले सम्पन्न गरेको अपाङ्गता भएका बालबालिकाहरूको १३ औं दीक्षान्त समारोह कार्यक्रमका सहभागीहरू।* **तस्विर : शर्मिला विश्वकर्मा**

विद्यालयमा भर्ना हुने व्यवस्था सहित उनीहरूलाई आवश्यक हुने शैक्षिक सामग्रीहरू वितरण गरि दीक्षान्त गरिएको थियो । सो समारोहमा दृष्टिविहिन बालबालिकाका अभिभावकहरूले यो संस्थाले आफ्ना बालबालिकाहरूको लागि गरेको यस्तो कार्यक्रम प्रति संस्थालाई धन्यवाद तथा अझ प्रगतिको शुभकामना व्यक्त गर्नु भएको थियो भने विद्यार्थीहरूले पनि यो संस्था, यहाँका शिक्षक शिक्षिका तथा यहाँका सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिनु भएको थियो ।

## १७ औं साधारण सभा तथा ११ औ अधिवेशन

***८ फागुन २०७३, विनिता शर्मा, बाँके***

अपाङ्ग नवजीवन केन्द्र बाँकेको १७ औं साधारण सभा तथा ११ औं अधिवेशन बाँकेमा सम्पन्न भयो । सो साधारण सभा तथा अधिवेशनले विनिता शर्माको अध्यक्षतामा ११ सदस्य नयाँ कार्य समिति चयन गरेको छ । जसमा उपाध्यक्षमा तुलबहादुर राना, महासचिवमा जनक बडुवाल, सचिवमा कृष्ण अधिकारी, कोषाध्यक्षमा दयाराम अधिकारी चयन हुनु भएको छ भने सदस्यहरूमा लोककुमारी रोकाया, लक्ष्मी पोखरेल, सुस्मा वि.क., कर्णबहादुर खड्का र दोहान प्रसाद थारू रहनु भएको छ । सो कार्यक्रममा अपाङ्ग नवजीवन केन्द्र बाँकेका संस्थापक अध्यक्ष कृष्ण गौतमलाई कार्यक्रमका प्रमुख अतिथि एवं कोहलपुर नगरपालिकाका कार्यकारी अधिकृत

माधब शर्माले दोसल्ला ओढाएर सम्मान गर्नु भएको थियो । उक्त कार्यक्रममा उहाँले अपाङ्गता भएका व्यक्तिहरूलाई राज्यले व्यवस्था गरेको सेवा सुविधा उपलब्ध गराउने बताउनु भयो ।

## समावेशी गुणस्तरिय शिक्षाका विषयमा अन्तरक्रिया कार्यक्रम

*२४ फागुन २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौं*

विश्व अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा नेपाल अपाङ्ग महिला संघ, सञ्चारिका समूह र अष्ट्रेलियन एम्वेशीको संयुक्त आयोजनामा अपाङ्गता भएका महिलाको समावेशी गुणस्तरिय शिक्षाका विषयमा काठमाण्डौंमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो । सो कार्यक्रममा नेपाल अपाङ्ग महिला संघकी अध्यक्ष निर्मला धितालले नेपालमा अपाङ्गता भएका महिलाहरूको शिक्षाको अवस्थाको बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने त्रिभुवन विश्व विद्यालयका प्राध्यापक वासुदेव काफ्ले नेपालमा समावेशी शिक्षा कसरी सुरुवात भयो भन्ने कुराको जानकारी गराउँदै शिक्षा सबैका लागि कल्याणकारी नभएर अधिकार मुखी हुने कुरामा जोड दिनु भएको थियो । त्यसै गरी शिक्षा विभाग समावेशी शिक्षा शाखाका प्रमुख तथा उपनिर्देशक गणेश प्रसाद पौडेलले अपाङ्गता भएका व्यक्तिहरूलाई विद्यालय स्तरको शिक्षा प्रदान गर्नको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको बताउँदै आगामी दिनमा अपाङ्गता भएका विद्यार्थीहरूको उच्च शिक्षाको लागि र बहिरा अपाङ्गता भएका व्यक्तिहरूलाई साङ्केतिक भाषालाई पनि मान्यता दिने कुरामा आफ्नो तर्फबाट सक्दो पहल गर्ने बताउनु भयो । सोही कार्यक्रममा




*नेपाल अपाङ्ग महिला संघ, सञ्चारिका समूह र अष्ट्रेलियन एम्वेशीले काठमाण्डौंमा संयुक्त आयोजना गरेको अपाङ्गता भएका महिलाको समावेशी गुणस्तरिय शिक्षाका विषयक अन्तरक्रिया कार्यक्रमको झलक ।* **तस्विर : शर्मिला विश्वकर्मा**

सञ्चारकर्मी तथा नेपाल पत्रकार महासंघकी उपाध्यक्ष अनिता विन्दुले विभिन्न सञ्चार माध्यमहरूले सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका सवालहरू प्रकाशन र प्रसारण गर्न सहयोग गर्नु पर्ने र विभिन्न सञ्चार माध्यमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व तथा सहभागिता गराउनु पर्ने बताउनु भयो । यसै क्रममा उहाँले अपाङ्गता आफ्नो तर्फबाट अपाङ्गता भएका व्यक्तिहरूका मुद्दाहरूलाई प्रकाशन तथा प्रसारण गर्न सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउनु भएको थियो । विश्व अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा गरिएको सो कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष सुदर्शन सुवेदीले अन्य महिलाहरूको तुलनामा अधिकांश अपाङ्गता भएका महिलाहरू हरेक क्षेत्रबाट पछाडी परेको बताउँदै उनीहरूको शिक्षा, स्वास्थ्य तथा रोजगारको लागि राज्य अझ संवेदनशील भएर लागि पर्नु पर्ने कुरामा जोड दिनु भयो । सोही क्रममा राष्ट्रिय मानव अधिकार आयोगकी अधिकृत उमा जोशीले हामी सबै सरोकारवाला निकायहरूले अपाङ्गता मैत्री संरचना निर्माणको लागि पहल गर्नु पर्ने कुरामा जोड दिनु भयो भने सञ्चारिका समूहकी अध्यक्ष निर्मला शर्माले सञ्चार माध्यमहरूले अपाङ्गता भएका व्यक्तिहरूको समान सहभागिताका साथ नीति निर्माण तहमा पुऱ्याउनको लागि सहयोग गर्नु पर्ने बताउनु भयो ।

## अन्तरक्रिया कार्यक्रम सम्पन्न

*२३ फागुन, २०७३, इच्छा के.सी, काठमाडौं*

१०७ औं अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा नेत्रहिन महिला संघले अपाङ्गता भएका महिलाहरू माथि हुने हिंसा र न्यायमा पहुँचको अवस्थाका विषयमा एक दिने अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो । सो कार्यक्रममा नेत्रहिन महिला संघकी कार्यक्रम संयोजक इच्छा के. सी. ले सहभागीहरूलाई स्वागत गर्दै अपाङ्गता भएका महिलाहरू माथि हुने हिंसाको अन्य र उनीहरूको न्यायको लागि सम्पूर्ण सरोकारवाला संघ संस्थाहरू एक भई अघि बढ्नु पर्ने बताउनु भयो । कार्यक्रममा नेत्रहिन महिला संघकी अध्यक्ष सीता सुवेदीले अपाङ्गता भएका महिलाहरू माथि हुने हिंसा र न्यायमा पहुँचको अवस्थाका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने उक्त कार्यपत्रका विषयमा बहिरा तथा सुस्त संघ, अटिजम केयर नेपाल, नेत्रहिन क्रिकेट संघ लगायतका सरोकारवाला संघ संस्थाका प्रतिनिधिहरूले टिप्पणी गर्नु भएको थियो । उक्त कार्यक्रमकी प्रमुख अतिथि एवं महिला तथा बालबालिका विभागकी निर्देशक विजया प्रसाईले अपाङ्गता भएका महिला माथि हुने हिंसा उन्मूलन गर्न तर्फ सबै निकायहरू निरन्तर लाग्नु पर्ने बताउँदै अपाङ्गता भएका महिलाहरूको न्यायका लागि भएका नीति नियमहरूलाई अपाङ्गता अनुकूल बनाई कार्यान्वयन गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो । त्यसै गरी एबिलिज फाउण्डेसन नेपाल प्रतिनिधि बिरेन्द्रराज पोखरेल आगामी दिनमा एबिलिज फाउण्डेसन नेपालले अपाङ्गता भएका महिलाहरूको सवालमा कामको लागि निरन्तर सहयोग गर्ने बताउनु




*नेत्रहिन महिला संघको आयोजनामा १०७ औ अन्तर्राष्ट्रिय महिला दिवस र नेत्रहिन संघको रजत जयन्तीको अवसरमा अपाङ्गता भएका महिलाहरू माथि हुने हिंसा र न्यायमा पहुँचको अवस्था विषयक एक दिने अन्तरक्रिया कार्यक्रमका सहभागीहरू* / **तस्विर : इच्छा के.सी.**

भयो भने महिला तथा बालबालिका विभागकी शाखा अधिकृत निरा अधिकारीले अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा सबैलाई शुभकामना दिँदै महिला अधिकारका लागि महिला पुरुष दुबैको सक्रिय सहभागिता भएमा मात्र सहज हुने बताउँदै हातेमालो गर्दै अघि बढ्नु पर्ने बताउनु भयो । सो कार्यक्रममा नेपाल नेत्रहिन महिला संघको एक वर्षीय कार्य योजना बारेमा पनि विस्तृत छलफल गरिएको थियो ।

## छायाँ प्रतिवेदनका विषयमा सल्लाह सुझाव सम्बन्धी छलफल

***३ चैत २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौं***

राष्ट्रिय अपाङ्ग महासंघ नेपालको आयोजनामा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिको छाया प्रतिवेदनमा अपाङ्गता भएका व्यक्तिहरूका लागि बनेका नीति नियमहरू के कति कार्यान्वयन भए, अझ कार्यान्वयन गर्न के गर्न आवश्यक छ, यस विषयमा अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरू र नेपाल सरकारको तर्फबाट के कस्ता कामहरू भएको छ भन्ने विषयमा काठमाण्डौंमा एक छलफल कार्यक्रमको आयोजना गरियो । सो छलफलमा काठमाण्डौंका प्राध्यापक कपिल अर्यालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिको छाया प्रतिवेदनको बारेमा जानकारी दिँदै यो प्रतिवेदनमा अझ अपाङ्गता भएका व्यक्तिहरूका मुद्दाको विषयमा सल्लाह सुझाव प्रस्तुत गर्न अनुरोध गर्नु भयो । यसै क्रममा उहाँले अपाङ्गताका सवालमा राष्ट्रिय अपाङ्ग महासंघ नेपालले बनाएका नीति



*राष्ट्रिय अपाङ्ग महासंघ नेपालले आयोजना गरेको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिको छाया प्रतिवेदनका विषयमा सल्लाह सुझाव सम्बन्धी छलफल कार्यक्रमको एक झलक ।* **तस्विर : शर्मिला विश्वकर्मा**

नियमहरू, विभिन्न संघ संस्थाहरूको पहलमा भएका सर्वोच्चका फैसलाहरू कार्यान्वयन गर्नु पर्ने विषयलाई पनि समावेश गरिएको थियो । कार्यक्रममा नेपाल अपाङ्ग महिला संघकी कोषाध्यक्ष अनिता घिमिरेले यो छायाँ प्रतिवेदनमा सबै प्रकारका अपाङ्गता भएका महिलाहरूका प्रजनन स्वास्थ्य, पुनर्स्थापना तथा स्वास्थ्य अधिकारका नीति नियमहरूलाई जति सक्दो कार्यान्वयन गर्ने कुरालाई समावेश गर्नु पर्ने बताउनु भयो । त्यसै गरी श्रवण दृष्टिविहिन अभिभावक संघका अध्यक्ष मदन महर्जनले यो छाया प्रतिवेदनमा श्रवण दृष्टिविहिन अपाङ्गताका सवालहरूलाई नछुटाइ समावेश गर्न अनुरोध गर्नु भयो । सो छलफल कार्यक्रममा नेपाल पारा ओलम्पिक कमिटिका अध्यक्ष दिपक कोईरालाले यो प्रतिवेदनमा अपाङ्गता अनुसारको खेलकुदको विकासका लागि बनेका नीति नियमहरू पूर्ण रूपमा कार्यान्वयन गर्नका लागि पनि यो छाया प्रतिवेदनमा समावेश गर्नको लागि सल्लाह सुझाव प्रस्तुत गर्नु पर्ने बताउनु भयो । त्यसै गरि नेपाल नेत्रहिन संघका निर्देशक नरबहादुर लिम्बुले सो छाया प्रतिवेदनमा जग्गा खरिद विक्री गर्दा दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरूलाई पनि समावेश गर्नु पर्ने, उच्च शिक्षा सम्म दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरूको पहुँच पुग्ने गरी शैक्षिक सामाग्री निर्माण गर्नु पर्ने कुरामा जोड दिनुको साथै अनाथ, बेसाहारा, अपाङ्गता भएका व्यक्तिहरूको लागि पुनर्स्थापना केन्द्रको स्थापना गर्नु पर्ने बताउनु भएको थियो । सो कार्यक्रममा सहभागी भएका विभिन्न संस्थाका प्रतिनिधिहरूले सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका आधारभूत आवश्यकतालाई पनि समावेश गर्न जोड दिएका थिए । उक्त छलफलमा राष्ट्रिय अपाङ्ग महासंघ नेपालकी उपाध्यक्ष टिका दाहालले यो छाँया प्रतिवेदनमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका सवालहरूलाई नछुटाई समावेश गर्न पर्ने र यसको लागि सबैले सल्लाह सुझाव दिने कुरामा जोड दिनु भयो ।